अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
ABHIYAN WEEKLY साप्ताहिक

abhiyan.weekly@yahoo.com

वर्ष : ३४ / अंक : १९ / २०७३ पुस १ गते शुक्रबार / 9 Dec., 2016 / मूल्य रु. १०/-

## हुकुमवासीहरू सबै सुकुम्वासी

काठमाडौं । नेपालको सबैभन्दा धनी पार्टी माओवादी केन्द्र र धनी नेता प्रचण्ड भनेर विश्वसमाचार बनिसकेको सन्दर्भमा प्रधानमन्त्रीबनेको ४ महिनापछि सार्वजनिक गरिएको प्रधानमन्त्री र ३१ मन्त्रीको सम्पत्ति विवरण हेर्दा एकाध मन्त्रीबाहेक सबै सुकुम्वासी रहेको देखिएको छ । पटक पटक मन्त्री भएका, कुस्त सम्पत्ति कमाएका र रहनसहन सामन्तको भन्दा स्तरीय देखिने मन्त्री प्रधानमन्त्रीको सम्पत्ति खासै केही देखिएन । सबै श्रीमतीको दाइजोमा पालिएका पो रहेछन् ।

श्रीमतीलाई पर्याप्त दाइजो दिने तिनका माइतीको हैसियत के ? मन्त्री प्रधानमन्त्रीको राजर्षी सौखिन जीवनको भित्री रहस्य कस्तो छ ? यी आदि विषयमा प्रश्न गर्ने कसले, खरी घस्ने कुन निकाय छ ? एउटा अख्तियार थियो, लोकमान फालेर हनुमान नियुक्त गरेपछि अव जति भ्रष्टाचार गरे पनि कसैले प्रश्न उठाउने वातावरण देखिदैन । स्रोतको खोजी कसले गर्ने ?

प्रधानमन्त्रीको त सानो टुक्रा पैत्रिक जग्गा र ३ तोला सुनमात्र

>>> बाँकी ८ पेजमा

## दलहरूकै कारण मुलुक संकटमा

काठमाडौं । संसदमा दर्ता भएको संविधान संशोधन प्रस्ताव फिर्ता लिए वा निष्क्रिय जे गरे पनि प्रधानमन्त्री पुष्पकमल दाहाल संकटमा पर्ने निश्चित जस्तै भएको छ । प्रमुख तीन दलबीच भएको अनौपचारिक समझदारी अनुसार सरकारलाई विधेयक फिर्ता लिन अप्ठ्यारो परेको भए निष्क्रिय बनाएर निर्वाचनसम्बनधी विधेयक ल्याउन प्रंमुख प्रतिपक्षी एमालेले प्रस्ताव गरेको छ । सरकार आफैंले गत मंसिर १४ गते मध्यरातमा संसदमा दर्ता गराएको प्रंस्ताव फिर्ता वा निष्क्रिय गरेपनि सरकारको नैतिकतामाथि प्रश्न चिन्ह लाग्नसक्छ । सरकारले प्रमुखप्रतिपक्षीसहित अन्य दलहरूसँग छलफल र बहसै नगरी मध्यरातमा विधेयक दर्ता गर्नुपर्ने बाध्यता के थियो ?

संसदमा विधेयक पारित हुने पक्कापक्की भएपछि मात्र सरकारले विधेयक दर्ता गर्नुपर्नेमा हतार हतारमा दर्ता गरेको हुनाले झण्डै एकमहिनासम्ममा पनि औपचारिक रूपमा विधेयक संसदमा प्रवेश नै पाएको छैन । त्यसैले प्रमाणित हुन्छ, सरकारको असफलता र अकर्मण्यता । संसद लामो समयदेखि अवरूद्ध भएको छ, एकतिहाई सांसदले संसद अवरूद्ध गरिरहेका छन् । विधेयकको विपक्षमा सांसदहरूको संख्या थपिने क्रम जारी रहेको छ भने सरकारले संसद खुलाउने खासै प्रयाससम्म गरेको छैन । प्रमुख तीन दलले मात्र सहमति गरेर अन्य दलहरूलाई आफूले गरेको निर्णय लाद्न खोजेका हुनाले समस्या देखिएको हो । किन प्रधानमन्त्री दाहाल सर्वदलीय बैठक

>>> बाँकी ८ पेजमा

# तीन दल चुनावका लागि तयार

काठमाडौं । ठूला तीन दलवीच स्थानीय निकायको चुनाव गर्न सहमत भएका छन् । पुरानै संरचनामा स्थानीय निकायको चुनाव गर्ने प्रचार भए पनि नयाँ संरचनामा चुनाव हुन सकेन भने संघीयतामा जान मुस्किल पर्ने एकातिरको तर्क छ भने अर्कोतिर ठूलादलहरूको बुद्धि फिरेछ भनेर प्रशंसा पनि सुरू भएको छ । स्थानीय निकायको निर्वाचन अहिलेको राजनीतिक अन्यौल र अवरोधमा निकास हुनसक्ने आशा गरिएको छ ।

संसदमा सरकारले पेश गरेको संविधान संशोधन प्रस्ताव निलम्बनमा राख्ने कि मतदान प्रकृयामा लगेर निर्णय गर्ने भन्ने द्विविधा बाँकी नै छ र एमालेसहितका ८ प्रतिपक्षी दलहरूले संशोधन विधेयकको विरोधमा अझ कडा आन्दोलन गर्ने जनाउ दिइसकेका छन् । कांग्रेसका सभापति देउवा संशोधन प्रस्ताव पास हुने दावी गरिरहेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल त्यो प्रस्तावका सम्बन्धमा अनिर्णयको बन्दी बनेका छन् । संसदमा मतदानमा जाँदा







बिधेयक फेल भयोभने नैतिकतामा प्रश्न चिन्ह उठ्ने र राजीनामा दिनुपर्ला भन्ने ठुलो पिरलोमा रूमलिएका छन् प्रधानमन्त्री ।

यता देउवाले त्यस्तो नैतिक संकटमा दाहालले राजीनामा दिए आफू मधेसी र एमालेलाई समेत मिलाएर अघि बढ्न तयार रहेको र आफूलाई सहयोग गर्न एमाले अध्यक्ष केपी ओलीसँग गोप्य छलफल समेत गरिसकेका छन् ।

संसदमा अर्को महाभारतको समस्या छ लोकमान सिंह कार्कीमाथि लगाइएको महाभियोगको प्रस्ताव । त्यो प्रस्ताव छलफल र निर्णयमा लैजानसमेत संविधान संशोधनको विधेयक बाधक बनिरहेको छ ।

>>> बाँकी ८ पेजमा

## रायमाझीले खोले डा. भट्टराईको रहस्य



काठमाडौं । माओवादी केन्द्रका प्रभाशाली नेता टोपबहादुर रायमाझीले डा.बाबुराम भट्टराई भारतपरस्त भएकाले आफूले साथ छोडेको आरोप लगाएका छन् । रायमाझीका अनुसार संविधान जारी हुनुपूर्व २०७२ असोज ३ गते अगावै भट्टराईले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई भारतलाई धोका नदिन र भारतले माओवादीले चलाएको १० वर्षे जनयुद्धका बेला पुऱ्याएको सहयोगलाई नबिर्सन आग्रह गरेको रहस्य हालै खोलेका छन् । त्यसबेला माओवादीको स्थायी

>>> बाँकी ८ पेजमा

## प्रचण्डको सातो कसले लियो ?

काठाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालले माओवादी केन्द्रको कार्यक्रममा संघीयता, धर्मनिरपेक्षता र लोकतन्त्र एकैपटक सिद्धिन सक्छ भन्दै यो हाम्रो उपलब्धि बचाउने हामीले नै हो, लड्न तयार रहनु भन्ने आदेश दिएपछि राजनीतिक फाँटमा ठूलै तरङ्ग फैलिएको छ ।

यसैवीच चर्चित पत्रकार विजयकुमारले सन २०१७ भित्रै राजतन्त्र पुनर्स्थापना हुन्छ भन्ने खुलासा गरेपछि त राजनीति बेस्सरी तात्न थालेको छ । एकातिर राजनीतिक दलहरूवीच मारामार हुनु, विगत १२ वर्षमा कुनै लछारपाटो लगाउन नसक्नु र राजतन्त्रप्रति जनताको व्यापक चासो र आकर्षण बढ्दै जानुले राजतन्त्रको सम्भाबना देखाएको छ । शायद यही देखेर

>>> बाँकी ८ पेजमा

## सम्पादक चुडाल सम्मानित



काठमाडौं । सामाजिक रूपान्तरणका लागि नागरिक समाजको दसौं साधारण सभा, नागरिक अभिनन्दन विशेष साँस्कृतिक कार्यक्रम तथा संविधान कार्यान्वयन र चुनावी प्रक्रियामा नागरिक समाजको भूमिका विषयक विचार गोष्ठी कार्यक्रम गत मंसिर २८ गते प्रज्ञा भवन काठमाडौंमा भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधि

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्रीलाई संकटै संकट

काठमाडौं । प्रमुख तीन दल भनिएका कांग्रेस, एमाले र माओवादी बीच अन्तर्विरोध बढिरहेका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल संविधान संशोधनको विधेयकलाई थाँती राखेरै भएपनि स्थानीय निकायको निर्वाचनमा जाने पक्षमा देखिएका छन् । तर, प्रधानमन्त्री दाहाललाई त्यो बाटो पनि त्यति सजिलो छैन । संविधान संशोधनको विधेयकलाई थाँती राख्दा मधेसवादी दलहरू रिसाएर उनलाई दिएको समर्थन फिर्ता लिनसक्ने सम्भावना समेत रहेको छ भने विधेयक फिर्ता नलिएसम्म प्रमुख प्रतिपक्षी एमालेसहितका अन्य दलहरूले संसद सञ्चालन हुन नदिने अडान लिएपछि प्रधानमन्त्री दाहाल दुवैतिरबाट चेपुवामा परेका छन् ।

प्रमुख प्रतीपक्षी एमाले र मधेसवादी दलको चेपुवामा परेका दाहाललाई पछिल्लो पटक सत्तामा सहभागी भएकै दल कांग्रेसले समेत संकटमा पर्ने प्रयास गरेको कांग्रेसी सुत्रले दाबी गरेको छ । कांग्रेस सभापति शेरबहादुर देउवा संसदमा दर्ता भएको संविधान संशोधन प्रस्तावलाई जसरी भएपनि प्रक्रियामा लानुपर्ने अडान राख्दै आएका छन् । पछिल्लो समयमा संसदको गीणितीय हिसाब हेर्दा संविधान संशोधन प्रस्ताव पारित हुनसक्ने सम्भावना

>>> बाँकी ८ पेजमा

# सधैं यिनलाई नै मानिरहने ?



शाश्वत शर्मा

यो मुलुक कांग्रेस, एमाले र माओवादी केन्द्रको मात्रै वपौती हो ? हरक्षेत्रमा असफल यी तीन दलको निर्णय नै राष्ट्रको अन्तिम निर्णय हुने ? मसल देखाएर एकलौटी राज गर्न सफल र विकल्प नभएपछि सबैभन्दा बढी सिट कुम्ल्याउन सफल यी तीन दलको आधिकारिकता अब खोज्नु पर्ने भएको छ । अन्य विकसित देश, जहाँ सर्वमान्य प्रजातान्त्रिक अभ्यासहरू हुन्छन्, जहाँ राजनीतिक नैतिकतालाई सर्वोच्चता दिइन्छ, जहाँ नेता देश र जनताप्रति इमानदार र बफादार हुन्छन् । त्यस्तो देश भइदिएको भए त यी अहिले देखिएका प्रमुख दलका प्रमुख नेताहरू कोही पनि राजनीतिक परिदृश्यमा देखिन सक्दैनथे । सबैको हिसाब किताब जनताले गरिसकेका हुन्थे ।

...तर यो नेपाल हो, यहाँ जति र जे गरे पनि 'सात सुन माफ' हुन्छ, खासगरी शीर्षस्थ नेताहरूलाई । गतवर्षको असोज ३ मा यिनीहरूकै शब्दलाई सापटी लिएर भन्नुपर्दा, एकदमै उत्कृष्ठ र सर्वमान्य संविधान जारी भयो । तर.. यता संविधान जारी भयो, उता विरोध (जुन अघिदेखि नै भएको थियो) सुरू भइहाल्यो । राष्ट्रलाई नै दुरगामी असर पुग्ने गरी आन्दोलन, नाकाबन्दी, राजमार्ग बन्द, तोडफोड, आगजनी, व्यक्ति हत्या आदि इत्यादी अपराधलाई अन्जाम दिइयो । त्यसैको फलस्वरूप त्यो एकवर्ष अघि जारी भएको संविधानलाई संशोधन गर्ने सहमति गरियो । अहिले बहस त्यसैको चलिरहेको छ । संसदमा दर्ता भएको संविधान संशोधन प्रस्तावमा ४ महनिाअघि बलात् निकालिएको, (सत्ता नेतृत्वबाट) एमालेको अवरोधका कारण छलफल हुन सकेको छैन् । अघिसम्म संसदमा पेश भएको संशोधनलाई मधेसी मोर्चाले मानेको थिएन । तर, अहिले मानेको खबर फैलिएको छ । जे होस्, राजनीतिक रस्साकस्सी कसरी जारी छ ।

त्यसैबीचमा खबर आएको छ, स्थानीय निकायको चुनाव गर्न तीन दल सहमत भए भनेर । नयाँ संरचना (संविधानको) मा हुन नसके पुरानै संरचनामा भएपनि स्थानीय चुनाव गराउन तीन प्रमुख दल एक मत भएको खबर छ । संघीय संविधान बनेको करिब १४ महिनामा पनि पुरानै संरचनामा भएपनि चुनाव गराउन समहत भएको खबर आएको हो । उता, नेपालको निर्वाचन आयोग पनि पुरानै संरचनामा गर्ने हो भने छोटो समयमै चुनाव गराउन सकिने तर, नयाँ संचरनामा गर्ने हो भने त्यसका लागि समय बढी लाग्ने भनेर

>>> बाँकी ८ पेजमा

# Headache of Asia

**By : Malik**

Calling upon the international community to strengthen "concerted international and regional cooperation to ensure elimination of terrorism, in its all forms and manifestations", the Sixth Ministerial Conference on Heart of Asia - Istanbul Process (HoA-IP) was concluded in India on December 4. The theme for this year's conference was "Addressing Challenges, Achieving Prosperity". So the participants of the conference readily recognised terrorism, violent extremism and radicalisation the gravest challenges faced by the Heart of Asia region. The international community was asked to assist the Government of Afghanistan to eliminate terrorism which is the "biggest threat to peace and stability of this region". Therefore, within one year, the HoA-IP has significantly shifted its focus from the regional connectivity and economic cooperation to the counter-terrorism in the Heart of Asia region.

the particular context of terrorism, Pakistan was, directly and indirectly, targeted and criticised during this conference. Afghan President Ashraf Ghani openly accused Pakistan of launching an 'undeclared war' on Afghanistan by covertly supporting various terror networks. Making a mockery of $500 million promised by Pakistan for Afghan reconstruction, he advised Pakistan to spend this amount to contain domestic extremism. Similarly, Indian PM Modi also called for taking strict measures "against those who support, shelter and finance terrorists". "Silence and inaction against terrorism in Afghanistan and our region will only embolden terrorists and their masters", he blasted Pakistan without naming it. Later, citing 'security reasons', Pakistan's Foreign Affairs Adviser Sartaj Aziz was also denied access to the journalists to hold a scheduled press conference.

Observably, both countries' hatred and antagonism for Pakistan have gone to such an extent that now they hardly bother about the things like diplomatic protocols, niceties and etiquette. Undeniably, it is the prerogative of Afghan government to either accept to reject the monetary support offered by Pakistan. However, it has no right to ridicule Pakistan's sincere concerns about Afghanistan on a formal multilateral forum. The contemptuous method adopted by Afghan President at the Amritsar moot to humiliate Pakistan has been very rarely observed in international diplomat intercourses. Both countries miss no opportunity to malign Pakistan on any international forum. So they also readily chose to pursue their foreign policy agenda at the recent HoA Amritsar moot.

The HoA-IP was an important diplomatic initiative taken by some Asian countries a few years ago to bring durable peace in the Heart of Asia region. However, this peace process has not successfully achieved its target so far. In fact, India in collaboration with Afghanistan, the permanent chair of HoA-IP, has hijacked this important multilateral forum. Now it alone sets the agenda for the HoA-IP meetings. It has already succeeded in holding two crucial meetings in one year on its soil. Now India is also actively exploiting HoA-IP forum to achieve its important foreign policy goal to isolate Pakistan internationally. So we observed the spectacular display of this Indian policy at the recent Amritsar moot. Therefore, it is very likely that HoA-IP will also meet the same fate as the other Afghan peace initiatives, namely the Quadrilateral Coordination Group (QCG) and the so-called Murree Process.

Owing to its geographical location and strategic significance in the Asia, Afghanistan is called the 'heart of Asia'. This landlocked country is situated at the cross-roads of the North-South and East-West corridors in the Asia. It essentially acts as a land bridge between the Central Asia and the South Asia, the Eastern Asia and the Western Asia. Therefore, the territory of Afghanistan is central to the connectivity and economic integration of a number of Asian countries. The future of the mega energy and connectivity projects like Turkmenistan-Afghanistan-Pakistan-India (TAPI) gas pipeline, the Turkmenistan-Afghanistan-Tajikistan (TAT) railway, CASA-1000, TUTAP energy project and Chabahar-Afghanistan trade corridor also depends on the internal security situation in Afghanistan. This is the reasons most of the Asian countries are very concerned about the stability and security of Afghanistan. They have been also endeavouring to bring durable peace in Afghanistan. Presently some 14 Asian counties are active members of the HoA-IP. Moreover, 17 important countries in the world, including the US, are supporting this peace process.

At present, comprising the US, India and Afghanistan, there exists a triangular power structure which is calling the shots in Afghanistan. This de-facto power structure is making the crucial decisions regarding the future of Afghanistan. Now it is the sole determinant of the peace trajectory in Afghanistan. Unfortunately, instead of sincerely endeavouring to stabilise Afghanistan, this 'triad' is actively pursuing some crucial geo-strategic objectives in this region. Consequently, the so-called Heart of Asia has somehow become a recurrent headache of Asia, giving rise to numerous troubles and hardships for many Asian countries, especially the immediate neighbouring countries of Afghanistan. Currently, the Anti-Pakistan elements in Afghanistan are not only posing a threat to the peace and stability of Pakistan, but also trying to sabotage the mega-project CPEC to the disadvantage of both Pakistan and China.

Having concluded UN-mandated Operation Enduring Freedom in 2014, the US launched the Operation Resolute Support Mission to justify its further stay in Afghanistan. Now, under Bilateral Security Agreement (BSA), the US troops will remain in Afghanistan until the end of 2024. Similarly, over a period of time, India, the 'strategic partner' of Afghanistan and the 'strategic ally' of the US has consolidated its position in Afghanistan. It is primarily interested in executing its 'strategic encirclement' strategy against its arch-foe Pakistan. Similarly, the US has to stay in this region to accomplish certain objectives under its so-called Greater Middle East Initiatives as well as recently-evolved 'Pivot to Asia' strategy. Apparently Afghanistan is conveniently helping the US pursue its well-known 'China containment policy'.

Following the US invasion in Afghanistan in 2001, the US-India binary gradually strengthened its position after installing a puppet Kabul regime in Afghanistan. Moreover, Afghanistan's all neighbouring Countries, including Pakistan and China, were barred from playing any crucial role in Afghan affairs. These countries have close ethnic, cultural and religious affinities with the multi-ethnic Afghanistan. Historically, they have always been playing a key role in stabilising the war-torn Afghanistan. The 1990's Six Plus Two Contact Group on Afghanistan and the QCG are the two important instances. In fact, the US-India model, which is quite an unnatural and non-traditional strategic alliance vis-à-vis Afghanistan, is very unlikely to succeed in bringing peace and stability in Afghanistan without the active support of other neighbouring countries, especially the Pakistan.

During his presidential election campaign, the President-elect Donald Trump has constantly been criticising Obama's Pivot to Asia strategy. He also hinted at abandoning the post 9/11 US policies devised by the Bush-era Neocons which excessively favoured the unilateral military actions across the world. Now he has pledged to withdraw from the Trans-Pacific Partnership (TPP), which is an important component of US's pivot to Asia Strategy. If the US does so, the volatile Heart of Asia region will certainly have a respite. On the other hand, presently the Modi regime looks in no serious mood of revisiting India's current Afghan Policy by minimising its influence and role in the Afghan affairs. However, once the US completely withdraws from Afghanistan, India would hardly manage to control Afghanistan alone.

No country should be allowed to unilaterally articulate and purse its selfish strategic interests in the Heart of Asia region. Certainly, this region should no longer be a proxy playground. The cliche like 'Afghan-led and Afghan-owned' peace process will hardly help setting things right unless there are some sincere efforts to bring genuine and durable peace in Afghanistan. Some inclusive and multilateral endeavours are required to stabilise the volatile Heart of Asia Region. Therefore, instead of resorting to some quick-fix quackery remedies, the chronic headache of Asia should be treated with an effective analgesic.

## बाबुरामलाई पश्चाताप हुनथाल्यो

काठमाडौं । बाबुराम भट्टराईलाई १२ वर्षपछि आएर १२ बुँदे दिल्ली सम्झौता भूल भएछ भन्ने आत्मग्लानी हुनथालेको छ । यस्तो पश्चाताप प्रचण्डले अझै गरेका छैनन्, उनलाई पद टिकाउन दिल्लीको तोक्माको अझै आवश्यकता छ । ढिलाचाँढो, प्रचण्ड पदबाट खुस्कन्छन् र उनको पनि पश्चातापको बोली सुन्न पाइनेछ ।

बाबुरामले साँचो बोले, उनको पाप फच्या भो । अव उनले राष्ट्रका लागि काम गर्नुपर्छ । हिमाल पहाड, तराई छुट्याउन साजिस चिर्नुपर्छ र एक नेपाल एक नेपालीका लागि नयाँ शक्तिलाई सामेल गराउनुपर्छ । हुन त बाबुराम उपेन्द्र यादवको पार्टीलाई मिलाएर अघि बढ्ने तयारीमा जुटिरहेका छन् । अव बाबुरामको निष्कर्ष छ- विदेशी भुमिमा १२ बुँदे भएकाले मुलुक अहिले अकल्पनीय कठिन अवस्थामा गुज्रदैछ । यही सम्झौताका कारण नेपालमा भारतको हस्तक्षेप घट्दैन, बढ्दैजानेछ । ती देशभक्त पल्टिएका बाबुरामले त्यो गलत १२ बुँदे सम्झौता खारेज गराउन नयाँशक्ति पार्टीले अग्रसर भन्न नसक्नु चाहिं उनको अर्को कमजोरी हो भन्ने निष्कर्ष छ विश्लेषकहरूको ।



# राष्ट्र जोगाउन जनता जाग्नुपर्ने



• राजन कार्की
rajan2012karki@yahoo.com

देशका प्रधानमन्त्री सुटमाथि टोपी लगाएर विदेश भ्रमण गर्छन्, पद तथा गोपनीयताको सपथ ग्रहण गर्दा कसैले राष्ट्रिय पोसाक लगाउँदैनन् र नेपाली भाषाको समेत मजाक बनाएका छन् । राष्ट्रिय भाषा, भेष मजाक हुनसक्छ ? हो, देशका सबै भाषा राष्ट्रिय भाषा हुन् तर सरकारी भाषा नेपालको सम्पर्क भाषा हो र नेपाली भाषा, भेषको सम्मान नगर्नु नेताहरूको नादानी हो । र, राष्ट्रिय नीति निर्माण गरेर सबै राजनीतिक दलहरूले त्यसमा प्रतिवद्ध हुन नसक्नु अर्को कमजोरी हो । यही कारण नेपालको राष्ट्रियतामाथि अनेकानेक तरिकाले हमला भइरहेको छ, दुश्मन लागेको छ ।

फिदिमको दीपज्योति स्कूलमा दौरा सुरुवाल र टोपी, गुन्यूचोलो स्कूल ड्रेस बनेको छ । स्कूल ड्रेसकै कारण त्यो स्कूल नेपालभरि आकर्षणको केन्द्र रहेको छ । राजनीतिमा राष्ट्रप्रतिको सोचमा, लवाई खवाईमा, रहनसहनमा, विधिव्यवहारमा त्यस्तो नेपालीपन नदेखिदा अराजकता बढ्दै गएको हो । नेपालीत्वमा खिया लाग्नुमा नेपाली नेताहरूको ख्यालठट्टा जिम्मेवार छ । अन्यथा नेपालको संस्कृति र परम्परा यति धनी छ कि विश्व समुदाय लालायित हुनेगरेका अनेक उदाहरण छन् ।

वीरका गाथा इतिहासमा सिमित रह्यो । जनयुद्ध, जनआन्दोलनका घटना रोमाञ्चक कथामात्र रहे । इतिहासका घटनाक्रमलाई घोडा चढेर केही प्रभावशाली नेताहरू सत्ता र शक्तिको कमोत गर्न चाहनु भनेको सेक्सपियरको नाटकमा ब्रुटालिटीको सम्झना हुन्छ । हाम्रो लोकतान्त्रिक राजनीतिक फाँटमा राजनेता बन्नुपर्ने व्यक्तिहरू जनचाहना, जनइच्छा, राष्ट्र र राष्ट्रिय एकताका लागि ब्रुटसको ब्रुटालिटी बनिरहेका छन् । एकजना पनि राजनेता जन्मन नसक्नु भनेको राजनीतिकै दुर्भाग्य हो ।

राजनीतिले इमान र नैतिक पाठ पठाउन सकेको भए न राजनेता जन्मने थियो । सिकाएको पाठ भनेको दूराचार, विभेद, भ्रष्टाचार, अनैतिकतामात्र छ अनि कसरी राजनेता जन्मन्छ ? बीउ अर्थात सिस्नाको घारी रोपेर दूवो उम्रदैन ।

प्रचण्ड आएर के भो, ओलीले भाषणको गोली छाडेरै के भो ? देउवाको उदय भएर कांग्रेसले समाजवाद तिखारेको देखिदैन । गाईको पूजा गर्ने राप्रपा र गाई काटेर खान पाउनुपर्छ भन्ने पद्मरत्न तुलाधरवीचको दूरी किन घटिरहेको छ ? धर्मनिरपेक्षतावादी राप्रपा र हिन्दूवादी राप्रपा नेपालको मिलन र समाजवादी कांग्रेस र संसदबाट जनतन्त्र स्थापित गर्ने प्रचण्डको मतो मिल्नु भनेको अचम्म हो । नेपालमा यस्तै अनपेक्षित रसायनशास्त्रको राजनीति निरन्तर चलिरहेको छ । जो जेल जानुपर्थ्यो, ऊ सत्तामा पुग्छ, जो सत्तामा पुग्नुपर्थ्यो, ऊ धुलिसात भइरहेको देखिन्छ । यिनै दिगो शान्ति स्थापनाका निर्णायक रे । सच्चा बोल्ने चित्रबहादुर र कच्चा बोल्ने महन्थ ठाकुर जब एउटै डालोमा अटाउँछन् र एउटा नेपालमा मधेस गन्छ र अर्को मधेस अलग देश भन्छ, यिनले देशको विधि निर्माण गर्छन्, कसरी राष्ट्रमा विधिको शासन चल्छ ?

हाम्रा ठूला राजनीतिक दलहरूलाई सडकदेखि संसदसम्म, सिंहदरवारदेखि सर्वोच्च अदालतसम्म जताततै राजनीति फलाउनु फुलाउनु छ । राजनीतिकरण गर्नसके महारथ प्राप्त हुने यिनको धारणा कति गलत छ भने नेपालबाट समानता, समानुपातिक, न्याय र कानुन व्यवस्थासमेत ध्वस्त नष्ट हुनथालेको छ । जता हेर्‍यो उतै राजनीति, राजनीतिक अनियमितता । अनियमितताको हाँगो समातेपछि जे पनि सम्भव हुने तन्त्र लोकतन्त्र बनेको छ । विकृतिले हद नाघ्दैछ ।

आज पनि ठूला दलहरू दिग्भ्रमित छन् अथवा राजनीतिक स्वार्थप्रेरित भएर थाहा नभएजस्तो गर्छन- जात, गुट, क्षेत्र, भाषाको वकालत गरिरहेका छन् । अहिले एकाएक ५ नम्बर क्षेत्र टुक्र्याउने प्रस्ताव संसदमा पुग्यो, हुन्छ र हुन्नको मारमुंग्री चलिरहेको छ । जनता सडकमा छन्, हुन्न भनिरहेका छन्, पहाड र मधेस मिलेर बस्छौं भन्छन् तर सरकार भन्छ- हुन्न, टुक्र्याउनै पर्छ । यो कस्तो लोकतन्त्र हो ? कसैल माग नै नगरेको प्रदेश टुक्र्याउने किन ? यसभित्रको रहस्य र रणनीति भनेको नेपालको खण्डिकरण नै देखिन्छ । एक त अखण्ड नेपाललाई खण्ड खण्ड पारिदैछ, त्यसमाथि नेपालीत्वको बिखण्डीकरणको जग खनिदैछ । अव त खुलेआम मधेस देश भन्न थालिएको छ । कस्तो अचम्म ?

शान्ति नेपालीको चाहना हो । राजनीतिक रूपमा जे जे निर्णय भयो, ती सबै अशान्तिको बीउ र निहुका कारक बनेका छन् । लोकतन्त्रमा लोकको भलो, राष्ट्रको भलोभन्दा अर्को उद्देश्य नै नहुनुपर्ने हो । राष्ट्रसंघका १ सय ९२ सदस्यमध्ये २८ राष्ट्रमा संघीयता छ, तिनमा कति सफल, कति असफल त्यसको पनि लेखाजोखा गरिएन र नेपाललाई संघीयतामा लगियो । सानो देश, १ सय २६ जातिको देशमा संघीयताले जुन तिक्तता बढाएको छ, यसबाट नेपालको सबैभन्दा बलियो शक्ति नेपाली एकता खण्डित हुनपुगेको छ । राजनीतिक दलहरूलाई अझै हेक्का छैन, असफल भइसकेपछि पनि पन्चर भएको गाडी घिसारेझैं यही संघीयता, कार्यान्वयन हुनै नसकेको संविधान घिसारिरहेका छन् । लक्ष्य टाढा छ, लक्ष्यमा पुग्न गतिमान हुनुछ, घोडदौडमा लंगडो घोडा बनेर हाम्रा नेताहरू घिस्रिरहेका छन् । राष्ट्रलाई स्वावलम्बी, सक्षम र आत्मनिर्भर बनाउन छाडेर परावलम्बी, परजीवी बनाइरहेका छन् । नेताको, व्यक्तिको, तिनका परिवारको सम्पन्नतामात्र देशको विकास होइन भन्ने चेत फिर्ने कहिले ? आफूलाई लाभ भयो भन्दैमा त्यही लाभमा भुलिरहने ?

एउटा प्रसंग छ- २०२८ सालको । राजा महेन्द्रले मस्को भ्रमणमा गएका थिए । सोभियत राष्ट्रपति निकोलाई भी. पोदगोर्नीले रात्रिभोजमा रमाइलो गर्दै राजा महेन्द्रलाई सोधेछन्- नेपालको उत्तर र दक्षिणमा चीन-भारत जस्ता मोटामोटा छन् । सरकार त पातलो होइबक्सन्छ । राजा महेन्द्रले पनि हाँस्दै जवाफ दिएछन्- पातलो माहुतेले मोटामोटा हातीलाई तह लगाउँछ । होइन र महामहिम ? तर आज दक्षिणले नेपालको राजनीतिलाई तान्त्रिकले तह लगाएझैं उठबस गराइरहेछ र हाम्रा नेताहरू लम्पसारवादमा स्खलन भइरहेका छन् । हाम्रा प्रधानमन्त्री भारत भ्रमणमा गएका बेलामा प्रकाशित संयुक्त वक्तव्यको ११औं बुँदामा अन्तर्राष्ट्रिय मामिलामा भारत र नेपालको एकै विचार हुनेछ भनेर सही नै गरेर आएका छन् । भारत उत्तरी सुरक्षाकेन्द्र हिमाल भन्दै थियो, अव भारतले नेपाललाई छाता ओढाइदिएको छ । यति हुँदा पनि प्रधानमन्त्री बनाउने संसदले प्रश्न गर्न सकेन, खरी घस्न सकेन । अव अन्तर्राष्ट्रिय मञ्चमा नेपालको कुरा सुन्न जरूरी भएन विश्वलाई किनभने भारतको जे धारणा हो, त्योभन्दा भिन्न धारणा नेपालको रहनेछैन । नेपाल यसरी खुम्चियो ।

राजा महेन्द्र र वीरेन्द्रको कालखण्ड थियो, जतिबेला नेपालले के बोल्छ भनेर राष्ट्रसंघका सदस्यहरू कान ठाडो पारेर सुन्थे । राजतन्त्र किनारा लगाएको भारतले नेपाललाई सुन्नै नपर्ने मुलुकमा साँघुर्‍याइदियो । नागरिक सर्वोच्चताको भाषण गरेर नथाक्नेहरू राष्ट्रको सर्वोच्चता यसरी विदेशमा बन्दकी राखेर आउँछन् र तिनै राजाहरूलाई गाली गरेर राजनीतिक स्वार्थ शिद्ध गरिरहेछन् । लोकतन्त्रमा लोकको सम्मान आर्जन गर्न नसक्ने कायरहरूको राज लोकले कहिलेसम्म सहिरहने हुन् ? हुन त कुनै बेला भद्रकाली मिश्र थिए जसले नेपालमा भारतीय सेना भित्र्याए । क्याविनेटमा राजदूत बस्थे, क्याविनेट सचिव भारतीय प्रतिनिधि हुन्थ्यो । ती दिन छिमोल्दै स्वतन्त्रताको महल बनाएको राजतन्त्रको निरंकूशता फाल्ने आवरणमा राजतन्त्र नै फाल्नेहरूले अव मुलुकै फाल्छन् कि भन्ने भय फैलिन थालेको छ । सिंहलाई मारेर स्यालहुइयामा चलेको देश बन्यो नेपाल । जनता सतर्क नहुने हो भने जे पनि हुनसक्छ । समयले उठाएको गम्भीर प्रश्न हो यो । नेताहरू गम्भीर छैनन् ।

एक युवाको कथन छ- राणा शासन र लोकशासनमा के भिन्नता आयो र खोई ? नेता र तिनका आसेपासेलाई रमाइलो, अरूलाई दुःखपीडा, डाहा छटपटी । विकारै विकार भरिएको गिदी भएकाहरू शासनमा पुग्ने रहेछन्, बाँकी जनताको शोषणमा जुट्ने रहेछन् । यस्तो बेहाल, बेथिति त राणाशासनमा पनि थिएन, जो अहिले सर्वत्र व्याप्त भएको छ । यति हुँदा पनि नेताहरू लोकतन्त्रको गीत गाएर थाक्दैनन् ।

अर्काको हैकममा चल्ने खेतालाहरू हाम्रा शासक, प्रशासक, विधिबेत्ता बनेका छन् । यस्तो चल्तीफिर्ती चल्दै जाने हो भने र संविधानमै अंगीकृतलाई राज्यका कार्यकारी पदमा बहाल हुनसक्ने सुविधा दिने होभने नेपाल फिजी हुनबाट कसैले रोक्न सक्दैन । महाभारतको युद्ध हुँदा रूखमा झुण्ड्याइएको बर्बरिकले कहालीलाग्दो रक्तपात सुनाइरहेको थियो, त्यस्तै जनयुद्ध, जनआन्दोलन र त्यसपछिको लोकतन्त्रको इतिबृतान्तका पाना पल्टाउने र आजको छिमेकी हस्तक्षेपको सन्दर्भ हेर्ने हो भने नेपालमाथि जघन्य हस्तक्षेप बढ्दै गएको देखिन्छ । यतिमात्र होइन, नेपाल टुक्र्याउने योजनासमेत छर्लङ्ग हुन्छ ।

यी दलहरू युनानी वियोगान्त नाटका पात्रहरूझैं ननास्सियुन् ? महाभारत युद्धमा यदुवंशी सिद्धिएझैं नसिद्धियुन् । किनभने हाम्रा नेताहरू कलहको बीउ दिनदिनै छरिरहेका छन् । नेपाली नेपालीवीच हात हालहाल, मारामार गराउन कुनै कसर बाँकी राखेका छैनन् । हाम्रा नेताहरू देशमा विदेशीको परेड खेलाइरहेका छन्, हैकम र हुकुमको शक्ति दिदै गएका छन् । आफ्नो शक्ति अर्काको हातमा दिएपछि के हुन्छ ? बस, तत्कालको राजनीतिक स्वार्थका पुतला बनेर विदेशीको लहै लहैमा लल्ररी गाइरहेका हुन् यिनले । देशै नरहे कहाँ राजनीति गर्ने ? यो सत्य बिर्सिएर वर्तमानमा ज्यूने र वर्तमानलाई रमाइलो बनाउने नेताहरूका दुर्गुणका कारण आमनागरिक र नेपाल राष्ट्रले सुदूर भविष्यसम्म त्यसको महगो मूल्य चुकाउनुपर्ने देखिन्छ ।

यतिबेला जनताले हस्तक्षेप गर्नुपर्ने हो, नगर्दा यिनको हौसला बढेको छ । गलत हौसलाले देशलाई जोखिममा पार्दै लगेको छ, त्यसैले जनता जाग्नैपर्ने समयको माग भएको छ ।

वीरका गाथा इतिहासमा सिमित रह्यो । जनयुद्ध, जनआन्दोलनका घटना रोमाञ्चक कथामात्र रहे । इतिहासका घटनाक्रमलाई घोडा चढेर केही प्रभावशाली नेताहरू सत्ता र शक्तिको कमोत गर्न चाहनु भनेको सेक्सपियरको नाटकमा ब्रुटालिटीको सम्झना हुन्छ । हाम्रो लोकतान्त्रिक राजनीतिक फाँटमा राजनेता बन्नुपर्ने व्यक्तिहरू जनचाहना, जनइच्छा, राष्ट्र र राष्ट्रिय एकताका लागि ब्रुटसको ब्रुटालिटी बनिरहेका छन् । एकजना पनि राजनेता जन्मन नसक्नु भनेको राजनीतिकै दुर्भाग्य हो ।



पढ्थ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।
- अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

# दुवै पक्षको हठले मुलुक संकटमा

यतिबेला मुलुक संविधान संशोधनको संघारमा छ। संविधानप्रति असन्तुष्टी जनाउँदै भएको थारु आन्दोलन र मधेस आन्दोलनलाई सम्बोधन गर्ने प्रयास गरिएको भएपनि सत्ताधारी दल र सत्ताको नेतृत्वकर्ता दल माओवादीले प्रमुख प्रतिपक्षी एमालेलगायत अन्य दलहरुलाई संशोधन प्रस्तावमा साथ लिन नसक्नु प्रधानमन्त्री पुष्पकमल दाहालको असफलता हो। सत्ताको नेतृत्वकर्ता दल र नेतृत्वले संसदमा रहेका सबै दलको सहयोग र समर्थन लिएर अघि बढ्नु पर्नेमा त्यसो हुन नसक्नुले मुलुक थप संकटमा फस्ने सम्भावना बढेको छ। संविधान जारी भएको १२६ दिपछि पहिलो संविधान संशोधन भएको थियो २०७२ माघ ९ गते। जसले संविधानको धारा ४२(१) मा संशोधन गरी समानुपातिक शब्द थप गरिएको थियो भने धारा २८६(५) मा संशोधन गरी जनसंख्यालाई मुख्य र भुगोललाई दोस्रो आधार मानी संघीय कानुन बमोजित प्रदेशमा निर्वाचन क्षेत्र निर्धारण गर्ने व्यवस्था गरिएको थियो। अहिले संशोधन गर्न खोजिएको संविधान संशोधन प्रस्ताव ५ वटा धारा र ४ वटा सवालमा केन्द्रित रहेको छ। जसमा भाषा, वैवाहिक अंगीकृत नागरिकता, राष्ट्रिसभामा प्रादेशिक जनसंख्याका आधारमा प्रतिनिधित्व र प्रस्तावित प्रदेश नं. ५ को केही पहाडी जिल्लालाई प्रदेश नं. ४ मा समावेश गर्ने।

तत्कालिन संविधानसभाले प्रस्ताव गरेका प्रदेशहरुलाई व्यवस्थापिका संसदले फेरबदल गर्न सक्ने अधिकार छैन। पहिलो संविधान संशोधन पनि अधिकार नै नभएको व्यवस्थापिका संसदले गरेको हो। अहिले संसद अवरुद्ध रहेको छ, तर संसदले मुख्य विषयमा ध्यान पुऱ्याउन सकेको छैन। प्रदेश सभाले सिफारिस गरेनुसार संघीय संसदले प्रदेशको सीमा हेरफेर गर्नसक्छ, त्यसका लागि निर्वाचन आवश्यक छ। पछिल्लो समयमा दलहरु निर्वाचनको डंक पिट्न थालेका छन्। त्यसमा पनि प्रधानमन्त्री पुष्पकमल दाहाल एक कदम अघि बढ्दै आउँदो चैतमा स्थानीय निकायको निर्वाचन गराउने डंक पिट्दै हिंडे पनि निर्वाचनका आवश्यक कानुनहरु नै नभएको अवस्थामा कसरी चैतमा निर्वाचन सम्भव छ ? संविधान संशोधनको प्रस्ताव संसदमा मंसिर १४ गते मध्यरातमा दर्ता गरिएपछि संसद अवरुद्ध भएको छ। प्रदेश नं. ५ का जनता आन्दोलित भएका छन्। स्वयं प्रधानमन्त्री दाहालले अन्दोलित जनतालाई संघीयता विरोधी र राजावादी भएको आरोप सार्वजनिकरुपमै लगाउँदै हिंडेकाले आन्दोलित जनता थप आक्रोशित भएका छन्। संसदमा रहेका दलहरुलाई समर्थनमा लिन नसक्नु र जनतालाई अनेक प्रकारका आरोप लगाउनुले प्रधानमन्त्री दाहालले आफू संविधानभन्दा माथि रहेको आभास दिएका छन्। सत्ताधारी दलहरुकै केही साँसदहरु र जिल्ला तहका नेताहरु तथा कार्यकर्ताहरु नै आन्दोलनमा गएका हुनाले प्रधानमन्त्री दाहाल सत्ता जाने डरले जे पायो त्यही बोल्दै हिंडेको उनकै पार्टीका नेताहरुले आरोप लगाएका छन्। मुलुकको प्रधानमन्त्रीजस्तो व्यक्तिले जनतालाई गार्ल मिल्छ कि मिर्ल्दैन ? के प्रधानमन्त्री दाहाल जनता भन्दा ठूला हुन्।

संसदको सबैभन्दा ठूलो दल अनि सत्ताको प्रमुख घटक नेपाली कांग्रेस अहिले सुस्त अवस्थामा देखिएको छ। जनता आन्दोलित भएको यत्तिका दिनपछि कांग्रेस सभापति देउवा केही सक्रिय भएका छन्। उनले प्रमुख प्रतपक्षी दललाई संविधान संशोधनका विषयमा सहमतिमा लिने प्रयास गरे पनि उनी सफल हुन सक्ने सम्भावना न्यून देखिएको छ। प्रमुख प्रतिपक्षी दल एमालेले समेत संविधान संशोधनको विरोधमा संसददेखि सडकसम्म आन्दोलन गरिरहेको र संसदको एकतिहाई मत संविधान संशोधनको विपक्षमा भएको हुनाले संविधान संशोधन हुन सक्ने अवस्था छैन। त्यसैले अब कांग्रेसले संविधान संशोधनलाई थाँती राखेर निर्वाचन सम्बन्धी कानुन निर्माण गर्न र कानुन पारित गराउन सरकारलाई दबाब दिनु उचित हुनेछ। मुलुकलाई अनिर्णयको बन्दी बनाइराख्नु कसैको हितमा नहुने भएकाले संविधान संशोधनको जिम्मा नयाँ आउने संसदलाई दिनु उचित विकल्प हो। अहिलेको संसद संविधानसभाबाट व्यवस्थापिका संसदमा रुपान्तरिक भएको हुनाले ऊ कामचलाउ संसद मात्र हो भन्ने हाम्रो ठम्माइ रहेको छ।

संविधानबाट सबै पक्ष सहमत हुन सक्दैनन्। विश्वका कुनै पनि मुलुकमा त्यस्तो संविधान निर्माण भएको इतिहास छैन। हामी कहाँ ९० प्रतिशत सभासदहरुले सहमति गरी जारी गरिएको भनिएको संविधानलाई कसरी १० प्रतिशतले असफल पारिदिए ? त्यो नै रहस्यको विषय बनेको छ। संविधान जारी भएको एक वर्षभन्दा बढी भएपनि संविधान कार्यान्वयन भएको छैन। २०७४ माघ ७ गतेभित्रमा संघीय, प्रदेश र स्थानीय निकायको निर्वाचन नभएको खण्डमा संविधान नै असंवैधानिक हुने र मुलुक अर्को संकटमा फस्ने भएकाले सबैपक्षको भावना र मागलाई समेटी संविधानमा मुलुकलाई हिन्दूराष्ट्र कायम गराउने संशोधन प्रस्तावसहितको संविधान संशोधनको प्रस्ताव संसदमा लैजानुपर्ने र त्यसै अनुरुप अघिबढे मात्र मुलुक र नेपाली जनताको हित हुनेमा हामी विश्वस्त रहेका छौं।

# संशोधन प्रस्तावले दाहाललाई बगाउने



• देवेन्द्र चुडाल
devendrachudal@gmail.com

अहिले मुलुक संविधान संशोधनको संघारमा छ। संविधानप्रति असन्तुष्टी जनाउँदै आएका मधेसवादी दल र थारूलगायत अन्य दलहरूका मागलाई सम्बाधेन गर्ने प्रयासमा संविधान संशोधन प्रस्ताव मंसिर १४ गते मध्यरातमा संसदमा दर्ता गरिएपनि त्यो प्रस्ताव छलफल र बहसमा नआउँदै त्यसको विरोधमा संसदको प्रमुख प्रतिपक्षी दलले सडकदेखि संसदसम्म आन्दोलन गरिरहेको छ। संविधानको पहिलो संशोधन संविधान जारी भएको १२६ दिनपछि २०७२ माघ ९ गते गरिएको थियो। पहिलो संशोधनमा संविधानको धारा ४२(१)मा संशोधन गरी समानुपातिक शब्द थापिउको थियो भने धाराा २८६(५) मा संशोधन गरी जनसंख्यालाई पहिलो र भूगोललाई दोस्रो आधार मानी संघीय कानुन बमो्जिम प्रदेशमा निर्वाचनक्षेत्र निर्धारण गरिने व्यवस्था गरिएको थियो। अहिले संशोधन गर्न थालिएको संशोधन प्रस्तावमा ५ वटा धाराा र ४ वटा सवालमा हेरफेर गर्ने प्रस्ताव गरिएको छ। जसमा वैवाहिक अंगीकृत नागरिकता, भाषा, राष्ट्रिसभामा जनसंख्याका आधारमा प्रतिनिधित्व र संविधानसभाले प्रस्ताव गरेको ५ नम्बर प्रदेशमा रहेका पहाडी जिल्लालाई ४ नम्बर प्रदेशमा राख्ने।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गराएको भोलिपल्टदेखि नै त्यसको विरोध सुरू भएको थियो। प्रमुख प्रतिपक्षी दल एमालेले संसद नै अवरूद्ध गरेर आफ्ना सबै भातृसंगठनहहरूलाई आन्दोलनमा परिचालित गरेको छ भने ५ नम्बर प्रदेशका पहाडी जिल्लाका जनता समेत आफूहरूलाई प्रदेश नं ४ मा राखिएको भन्दै सडक आन्दोलनमा गएका छन्। पहाडी जिल्लालाई ५ नम्बर प्रदेशबाट हटाएर ४ नम्बर प्रदेशमा राखिएपछि सत्ताधारी दल माओवादी केन्द्र र कांग्रेसकै सांसदहरू र जिल्ला तहका नेताहरू समेत विरोधमा उत्रिएका छन्। माओवादीका प्रभावशाली नेता टोपबहादुर रायमाझीसहित जिल्ला तहका नेताहरू सरकारले संसदमा दर्ता गराएको संविधान संशोधन प्रस्तावको विपक्षमा दिनहुँजसो ५ नम्बर प्रदेशमा आमसभा गर्दै कुनै हालत पनि पहाड र मधेश छुट्याउन नहुने भन्दै सरकारले संसदमा दर्ता गराएको प्रस्ताव फिर्ता नलिएसम्म आन्दोलन नरोक्ने उद्घोषका साथ आन्दोलनमा सरिक भइरहेका छन्। कांग्रेससहित जिल्ला तहमा सक्रिय रहेका सबै पार्टीका नेताहरू आन्दोलनमा गएपनि माओवादी केन्द्रका अध्यक्ष एवं प्रंधानमन्त्री पुष्पकमल दाहाल कुनै हालत पनि संविधान संशोधन प्रस्ताव फिर्ता नलिने डंक पिटिरहेका छन्। संसदमा प्रमुख प्रतिपक्षी दल रहेको नेकपा एमालेले संसदमा विपक्षी रहेका साना दलहरूलाई समथामा लिएर आन्दोलित भएको छ। गणीतिय हिसाब हेर्दा सरकारलाई संशोधन प्रस्ताव पारित गराउने पुग्ने संख्या नै ऊसँग नभएको र जसका लागि संशोधन गर्न खोजिएको हो, उसमेत संशोधन प्रस्तावप्रति सकारात्मक नभएको अवस्थामा संशोधन प्रस्ताव दुईतिहाइ मतबाट पारित हुने अवस्था नै छैन। सरकारमा सहभागी भएको राप्रपाले समेत अहिलेकै अवस्थामा संशोधन प्रस्तावलाई समर्थन गर्न नसकिने संस्थागत निर्णय गरिसकेको छ भने विजय गच्छदार नेतृत्वमा रहेको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले समेत संशोधन प्रस्तावलाई समर्थन गर्न सक्ने सम्भावना नरहेको अवस्थामा सरकारसँग दुईवटा मात्र विकल्प रहेकाछन्। एउटा विकल्प हो, संशोधन प्रस्तावलाई फिर्ता लिनु, अर्को संशोधन प्रस्तावलाई थाँती राखेर स्थानीय निकायको निर्वाचन घोषणा गरी निर्वाचन सम्बन्धी कानुनहरू निर्माण गर्न संसद सञ्चालन हुने बाटो खुलाउनु। प्रधानमन्त्री दाहालसँग यी भन्दाबढी अर्को विकल्प भनको राजिनामा दिनु मात्र बाँकी रहेको छ।

प्रधानमन्त्री दाहालले विगतमा भन्ने गरेका शब्दावली हेर्दा लाग्छ, चमत्कार, छलाङ, निरन्तरता, क्रमभंगजस्ता शब्द संविधान संशोधनमा काम नलाग्ने भएका छन्। उनले अहिले कुनै छलाङ मार्न सक्ने सम्भावना देखिँदैन। सत्तामा सहभागी भएको कांग्रेसभित्र समेत संविधान संशोधनको विषयमा व्यापक असन्तुष्टी देखिएको छ। कांग्रेसका प्रभावशाली नेता खुमबहादुर खड्का मुलुकलाई हिन्दूराज्य बनाउनु पर्ने पक्षमा अडान लिँदै आएका छन् भने खड्कालाई महामन्त्री शशांक कोइरालालगायत कांग्रेसको ठूलो समूहले साथ दिएको हुनाले सभापति शेरबहादुर देउवा उनीहरूलाई पन्छाएर केही निर्णय गर्न नसक्ने अवस्थामा पुगेका छन्। कांग्रेसबाट मन्त्री बनेका वनमन्त्री शंकर भण्डारीले त सर्वाजनिक रूपमै मुलुक हिन्दूराज्य हुनुपर्छ भन्दै त्यस विषयमा जनमत संग्रह गर्नुपर्ने बताइरहेका छन्। यसरी सत्ताधारी दलहरू समेत संशोधनको विषयमा एकमत नहुनु र दाहाल सरकारले पहाड र मधेसलाई छुट्याउने उद्देश्यका साथ संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गराउनु नै दाहाल सरकारका लागि घाँडो सावित भएको छ। संविधान संशोधनले प्रायः सबै दलभित्र असन्तुष्टी जन्मिएको छ। प्रमुख प्रतिपक्षी दलको सहयोग र समर्थन विना संविधान कार्यान्वयन नै हुन नसकने अवस्थामा संविधान कसरी संशोधन हुन्छ ?

अहिलेको पहिलो आवश्यकता भनेको संविधान कार्यान्वयन नै हो, संविधान कार्यान्वयन पछि त्यसमा देखिएका बाधा, अप्ठ्याराहरू हटाउँदै जाने र संविधान संशोधन गर्न सकिन्छ, तर अहिले त संविधान आंशिक रूपमा समेत कार्यान्वयन भएको छैन। संविधान कार्यान्वयनका लागि निर्वाचन आवयश्क छ। २०७४ माघ ७ गते भित्रमा स्थानीय तह, प्रदेश र संघीय संसद गरी तीन तहको निर्वाचन गराइसक्नुपर्ने संवैधानिक बाध्यता रहेपनि सरकार त्यसतर्फ लाग्नुको बदला संविधान संशोधनमा लाग्नु सरकारको असफलता र अकर्मण्यताकै उपज हो। स्थानीय निकायको निर्वाचन २०५४ सालपछि आजसम्म हुन सकेको छैन, संवैधानिक व्यवस्था भएनुसार स्थानीय निकायको सीमा निर्धारण र संख्या समेत तोक्न आयोग समेत बनिसकेको र आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाउने तयारी गरिरहेका बेला फेरि पुरानै संरचना अर्थात् स्थानीय निकायको निर्वाचन गरउने डंक पिट्नु सरकार र कांग्रेस लागेका छन्। पुरानै संरचना अनुसार स्थानीय तहको निर्वाचन गराउने भए सीमा निर्धारण आयोगको औचित्य के ? आयोगको आफूले पाएको समयसीमा आउँदो फागुन मसान्तसम्म भएपनि अहिले नै आफ्नो प्रतिवेदन सरकारलाई बुझाउन लागिरहेको बेला पुरानै संरचना अनुसार स्थानीय निकायको निर्वाचन गराउने सरकार र कांग्रेसको सोच हो भने संविधान पनि किन पुरानै कार्यान्वयनमा नल्याउने ? आफ्नो असफलता र अकर्मण्यतालाई लुकाउनको लागि पटक–पटक जनतालाई ढाँट्न पाइँदैन।

संविधान संशोधनको प्रस्तावले गर्दा प्रदेश नं. ५ का जनता विरोधमा आन्दोलनमा उत्रिएपछि आन्दोलनमा होमिएका जनतालाई प्रधानमन्त्री दाहालले गणतन्त्र विरोधीको संज्ञा दिएका छन् भने अन्य केही नेताहरूले राजावादी भनेर आरोप लगाउँदै आएका छन्। प्रजातन्त्र भनेको जनताद्वारा जनताका लागि जनताद्वारा गरिने शासन व्यवस्था हो भन्ने किन प्रदेश नं. ५ का जनताले हामीहरू ५ नम्बर प्रदेशमै बस्न चाहन्छौं भन्दा उनीहरूको मागको सुनुवाई गर्नुको बदला विभिन्न प्रकारका आरोप लगाउने। दाहाल सरकारको प्रदेश नं. ५ का पहाडी जिल्लालाई प्रदेश नं. ४ मा राख्ने निर्णयले भविष्यमा मुलुकलाई दुरगामी असर पर्न सक्छ। छिमेकी मुलुक चीनले लुम्बिनीसम्म रेलमार्ग विस्तार गरिदिने आश्वासन नेपाललाई दिएपछि त्यसलाई रोक्न गौतमबुद्धलाई एउटा सीमित क्षेत्रमा वा भारतमा जन्मिएका हुन् भनेर भारतले प्रचार गर्नका लागि ५ नम्बर प्रदेशका पहाडी जिल्लालाई मधेसबाट अलग गराउने खेलमा लागेको र विभाजन गरिएको हो। अहिले पनि भारतले गौतमबुद्ध भारतमा जन्मिएका हुन भने विश्वभरी प्रचारप्रसार गरिरहेको अवस्थामा त्यसैलाई बल पुऱ्याउनको लागि प्रस्तावित ५ नम्बर प्रदेशबाट पहाडी जिल्लाहरूलाई प्रदेश नं. ४ मा राख्ने षड्यन्त्र गरिएको हुनाले किमार्थ त्यसो हुन दिनु हुँदैन।

कांग्रेस सभापति शेरबहादुर देउवासमेत अहिले ५ नम्बर प्रदेशलाई विभाजित गराउने पक्षमा सक्रिय भएका छन्। त्यसको एउटै कारण हो, आउँदो चैत अन्तयमा उनी फुत्त प्रधानमनत्रीको कुर्सीमा पुग्ने। आफ्नै पार्टीका सांसददेखि जिल्ला तहका नेताहरू र मन्त्रीहरूले समेत प्रदेश नं. ५ लाई विभाजित गर्न नहुने उद्घोष गरी आन्दोलनमा गएका बेला सभापति देउवा कसको बलमा प्रदेश नम्बर ५ का पहाडी जिल्लाहरूलाई प्रदेश नम्बर ४ मा राख्न चाहिरहेका छन्। यदि त्यसो हो भने कैलाली र कञ्चनपुरलाई पनि प्रदेश नं.५ मा राख्न के देउवा तयार हुन्छन् ? हाम्रो जस्तो बनोट भएको देशमा पहिलो संघीयता नै घातक हो। दि संघीयता नै चाहिनै भए पाँच विकास क्षेत्रलाई स्वीकार गरिनुपथ्र्यो। यदि त्यसो पनि नहुने हो भने उत्तर दक्षिण गरी प्रदेशन निर्माण गरिनु पर्थ्यो। तर, त्यसो भएन अहिले २ नम्बर प्रदेशमा कुनै पनि पहाडी जिल्ला राखिएको छैन। तराईका आठ जिल्ला बारा, पर्सा, रौतहट, महोत्तरी, धनुषा, सर्लाही, सिराहा र साप्तरीलाई २ नम्बर प्रदेशमा राखेर दलहरूले ठूलो गल्ती गरेका छन्। यी आठ जिल्लाको सीमाना भारतसँग जोडिएको छ। सीमाना भारतसँग जोडिएको हुनाले त्यहाँ भारतीयहरूको समेत प्रभाव रहेको र उर्भर भूमि भएकाले अबको केही वर्षभित्रैमा त्यहाँका नेपालीमूलका मधेसी जनता अल्पमतमा पर्न सक्ने सम्भावना भएकाले र भारतीयमूलका व्यक्तिहरू नै राजनीतिमा समेत हालिमुहाली हुने भएकाले उनीहरूले आत्मनिर्णयको अधिकार माग गर्न सक्ने सम्भावनालाई ध्यानमा राखेर अहिले नै दलहरूले त्यो प्रदेशमा पनि पहाडी जिल्लाहरूलाई समावेश गराउनु उचित हुन्छ। केही समय पहिलादेखि नै सीके राउत जस्ता व्यक्ति मधेशलाई नेपालबाट टुक्राउनु पर्छ भन्दै मधेसमा आन्दोलन गरिरहेका र हाम्रा केही मधेसवादी दलका नेताहरू नै भारतीयमूलका नेपालको अंगीकृत नागकिरता लिएका व्यक्तिहरू भएकाले उनीहरूले पनि हामी नेपालबाट भारत विलय हुन चाहान्छौं भन्ने आवाज उठाउन पछि नपर्ने भएकाले राजनीतिनक दलहरूले २ नम्बर प्रदेश र ५ नम्बर प्रदेशलाई क्रिमिया हुनबाट जोगाउनको लागि पनि उत्तरदक्षिण सीमाना भएका प्रदेशहरू बनाउन आवश्यक छ। यदि संविधान नै संशोधन गर्ने हो भने संविधासभाबाट प्रस्ताव गरिएका प्रदेशहरू गल्तीले भएकाले त्यसलाई संविधान संशोधनको माध्यमबाट संशोधन गरी उत्तरदक्षिण सीमाना भएका प्रदेशहरू निर्माण गर्नु नेपाल र नेपाली जनताको हितमा हुनेछ। अहिलेकै प्रदेश र ५ नम्बर प्रदेशबाट पहाडी जिल्लालाई प्रदेशन नम्बर ४ मा राख्ने दाहाल सरकारको निर्णय राष्ट्रघाती मात्र नभएर आत्माघाती निर्णय समेत हो। त्यसैले त्यो निर्णय अन्य दल र जनताले किमार्थ स्वीकार गर्नु उचित हुँदैन त्यो निर्णय स्वीकार गर्नु भनेको मुलुकलाई टुक्राउन सहमति जनाउनु बाहेक अन्य केही हुन सक्दैनन्। त्यसैले जनता सावधान र सतर्क रहौँ, सजग रहौँ आफ्नो भूमीको रक्षा गरौँ।

# संशोधन प्रस्ताव र द्विविधामा रहेको मधेश

उपेन्द्र झा

अपरिवर्तनीय संविधानलाई संशोधन गर्न लागेको भनिएको प्रचण्ड सरकारको राष्ट्रघाती कदम विरुद्ध ५ नं. प्रदेशबाट आन्दोलन थालेको एमालेले देशभरि आन्दोलन गर्ने निर्णय गरेको छ । भारतको ईशारामा ल्याईएको संशोधन प्रस्तावलाई फिर्ता गराउने एमालेले शुरु गरेको आन्दोलनसंगै भारतलाई पनि नेपालको राजनीतिमा दखल नदिन चेतावनी दिएको छ । एमालेको नाटकीय आन्दोलनको विरुद्ध जिल्ला जिल्लामा नेपाली काँग्रेस, माओवादी केन्द्रका कार्यकर्ताहरु प्रतिकारमा उत्रिन थालेका छन् । देशभरि आन्दोलन गर्ने निर्णय गरेपनि आन्दोलन अहिले ५ नं. प्रदेशमा सिमित रहेको देखिन्छ । रुपन्देही, नवलपरासी र कपिलवस्तुमा एमाले आन्दोलनको प्रतिकार गर्न विगतमा रहेका एमाले सरकारका सहयात्री पार्टीहरु उत्रेको देख्दा यसपालीको आन्दोलन भने पूर्ण नाटकीय ढंगबाट खेलिने सम्भावना बढेको छ । आन्दोलनकारी र प्रतिकार समूहको प्रदर्शनमा भिडन्त हुन सक्ने स्थितिको आकलन गरि स्थानिय प्रशासनले तौलिहवालाई निषेधित क्षेत्र घोषणा गरेको छ ।

तीन शीर्ष दलहरुको वरिपरि घुमि रहेको राजनीति सडक र सदनमा उनीहरुकै प्रदर्शनले माहौल तताएको छ । पक्ष विपक्षको सक्रिय भूमिकामा राजनीतिलाई आफूतिर केन्द्रीत गरेकाले अधिकार माग्ने दलहरु ट्वाल परि हेरि बसेका छन् । गर्न पनि खोजिएको त्यही हो । संशोधन प्रस्तावलाई ओझेलमा पार्न ल्याईएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त लोकमानसिंह कार्कीको अप्रासाँगिक महाभियोग प्रस्ताव मधेशका लागि भनिएको संशोधन प्रस्ताव संसदमा दर्तासंगै ओझेलमा परेको छ । झण्डै एक दशक लगाएर मधेशलाई सीमारेखाभन्दा पर धकेल्न सफल भएकाहरुमाझ प्रचण्डको धृष्टताका कारण संशोधन प्रस्तावलाई फिर्ता लैजान एमालेले आफनो सम्पूर्ण बल लगाएर आन्दोलन चलाएको छ । मधेशलाई किञ्चित पनि फायदा दिन नसक्ने यो संशोधन प्रस्ताव कसको लागि ल्याईएको हो र किन ल्याईएको हो, ल्याउनेलाई थाहा होला । मधेशले संशोधन प्रस्ताव सम्बन्धमा आफ्नो असहमति प्रकट गरि सकेको छ ।

लोकमानसिंह कार्कीको भ्रष्टाचार सम्बन्धी सामान्य अपरेशनले जति पीडा दिएको थिएन, मधेशको लागि भनिएको संशोधन प्रस्तावले अत्यधिक पीडा दिएर आन्दोलनमा उतारि दिएको छ । भारतले संशोधन प्रस्तावको समर्थन गरेर एमालेलाई अझ आक्रोशित बनाई दिएको छ । मधेशलाई सिमारेखाभन्दा अगाडि बढ्न नदिने, भारतको प्रभावलाई नेपालबाट समाप्त पारि दिने ध्येयका साथ शुरु गरिएको एमालेको आन्दोलनले राजनीति क्षेत्रमा फेरि नयाँ कुरा देखिने सम्भावना बढेको छ । मधेशको विरोधी शक्तिको रुपमा परिचित एमालेले संघीय संरचनाको संविधान (मधेशको असहमती रहेको) ल्याएर यश कमाउने र पुनश्च निहुँ झिकी यसलाई तुहाउने खेलमा आफै सक्रिय रहेको सहजै अनुमान गर्न सकिन्छ । मधेशलाई किञ्चित पनि सहन नसक्ने एमालेले उठाएको आन्दोलनबाट मधेशको भूमिकालाई गौण गर्न खोजेको छ । एक तीरबाट दुई शिकार गर्ने उद्देश्यले (एमाले मधेशलाई निष्क्रिय बनाउने र प्रचण्डलाई सबक पनि सिकाउने) यो आन्दोलन गरिएको छ ।

मधेशलाई सम्बोधन गर्न नसक्ने संशोधनको प्रस्तावले मधेश आन्दोलनलाई दुविधामा पारेको छ । मधेश नै राजनीतिको केन्द्रविन्दुमा रहेकोले यसकै विरुद्ध नाटकीय ढंगको साजिशपूर्ण राजनीतिक खेल खेलिंदै आएकोले यसको पटाक्षेप भएको छैन । उटपटाँग राजनीति खेल खेलाएर प्रमुख विषयलाई गौण पारि गरिंदै आएको राजनीतिक षडयन्त्रको मूँहतोड जवाफ दिन मधेशलाई तयार हुनै पर्छ । मधेशले ल्याएको संविधान सभा, उसले खोजेको अधिकार सबैलाई समाप्त गरि मधेशलाई यथास्थान बसाउन खोज्ने शक्तिहरुको विरुद्ध मधेशले शक्ति संचय गर्न जरुरी छ ।

संशोधन प्रस्ताव ल्याएदेखि मधेश दुविधामा फँसेको छ । मधेशलाई किञ्चित लाभ नहुने संशोधन प्रस्तावलाई भारतले समर्थन गरेर मधेशलाई अझ दुविधामा पारि दिएको छ । ची ची पा पा दिएर मधेशलाई अल्झाउन खोज्ने यी दलहरुको पुरानै बानी हो । मधेश यसमा अल्झिनु हुँदैन । एक दशकको लामो अभ्यासमा मधेशले गुमाएका अवसरहरुबाट नैराश्यताको वातावरण छाएको त छ तर यसलाई चिर्दै अधिकारको आन्दोलनलाई नवीन दिशा दिन पनि आवश्यक छ ।

असफलताले नैराश्यता जन्माउँछ । नैराश्यताले शिथिलता र यथास्थितितिर धकेल्छ । मधेशको राजनीतिक दलहरुले एक दशकदेखि गर्दै आएको अभ्यासमा असफलता पाएपनि अनुभव भने बढाएको छ । शासकीय मनोवृति कति सशक्त छ भन्ने कुरा प्रष्ट भएको छ । वर्गीय राज्यसत्ताको ताकत, वर्गको पहिचान, आफनो क्षमता आदि सबैकुरा प्रष्ट भएकोले यो मधेशको लागि ठूलो उपलब्धि हो । यही अनुभवले मधेशको आन्दोलनको ठोस निर्णय गर्ने क्षमता प्रदान गर्दछ ।

मधेशमा वैचारिक अडान र सोही बमोजिमको राजनीतिक नेतृत्व गर्ने पात्रहरुको अपेक्षित विकास हुन सकेन । राजनीतिबाट व्यक्तिगत फायदा लिनेहरु निके जन्मे । पार्टी खोले । नपाएर विलाए । थ्रेसहोल्ड पछि सबै विलाउँछ । अधिकार आन्दोलन यही दोधारे नेतृत्वको कब्जामा रहेको छ । मधेशका कतिपय नाम चलेका दलहरु अहिले थकाई मार्न ठूलो छहारीमा बस्न खोजि रहेको छ । आफनो अस्तित्व समाप्त भएपनि शरणागत हुन खोजि रहेका छन् । दोधारे विचारको यही परिणाम हुन्छ । गैर मधेशी पार्टीमा विलीन हुन जाने कतिपय मधेशका दलहरुले ठाउँ छोडे मधेशलाई कल्याण नै हुने कुरा हो । यस्तो पातकी राजनीतिको अन्त हुनै पर्दछ । मधेश आन्दोलनलाई पनि आफनो स्वार्थमा प्रयोग गरि लाभ लिने दुराचारीहरुको अन्तबाट मधेशले नवीन उर्जा पाउनेछ । गलत नेतृत्वमा ज्यान गुमाउनुभन्दा अधिकार आन्दोलनलाई उर्जा दिनु बेस हो ।

विचार आन्दोलनभन्दा पार्टी आन्दोलनले मधेशमा निकै ठाउँ ओगटेको छ । पार्टी आन्दोलनले पार्टीलाई मात्र लाभ हुने भएकोले यसको कुनै अर्थ छैन । विचार आन्दोलनलाई नेतृत्व गर्ने पार्टीको विकास हुन सकेन । जातिगत पार्टीले मधेशलाई साँगठनिक रुपमा मात्र होईन, भावनात्मक रुपमा विभाजन गरि दिएको छ । जातजातीमा विभाजित गर्ने नेतृत्वको मनसायबारे बुझ्न पनि गाह्रै छ । यस्तो विभाजनबाट राज्यलाई फायदा पुगि रहेको यस्तो सामान्य ज्ञान पनि नराख्ने मधेशी दलहरुको वैचारिक अवस्था यति संकीर्ण छ कि पार्टी एकीकरणको त के कुरा मोर्चा बनाउन पनि तयार छैन । मधेशको यही कमजोरीमाथि राज्यले प्रहार केन्द्रीत गरेको छ ।

> मधेशलाई सम्बोधन गर्न नसक्ने संशोधनको प्रस्तावले मधेश आन्दोलनलाई दुविधामा पारेको छ। मधेश नै राजनीतिको केन्द्रविन्दुमा रहेकोले यसकै विरुद्ध नाटकीय ढंगको साजिशपूर्ण राजनीतिक खेल खेलिंदै आएकोले यसको पटाक्षेप भएको छैन।

मधेशलाई आत्म समर्पण गराउने अन्धराष्ट्रवादीहरुको रणनीति विरुद्ध मधेशले आनदोलनको तयारी गर्नु पर्ने अवस्थामा दुविधामा परेको छ । संशोधन प्रस्तावको पक्षमा वा विपक्षमा केमा लाग्ने भन्ने अन्योलको वातावरणमा मधेशका दलहरु कुनै रणनीतिक निर्णय गर्न सकि रहेको छैन । एक्लै एक्लै विज्ञप्ति सार्वजनिक गरेपनि दलहरुबीचको रणनीतिक छलफल भने हुन सकि रहेको छैन । मधेश आन्दोलनको औचित्य नै समाप्त पार्ने उद्देश्यले अन्धराष्ट्रवादीहरुले आन्दोलन चलाउन खोजेको जस्तो लाग्छ । मधेशको अधिकारको के कुरा मधेशलाई नै स्वीकार गर्न नसक्ने शक्तिहरु अहिले रणनीतिक रुपमा आन्दोलन चलाएका छन् । नेपाललाई द्वन्द्वमुक्त राख्ने अभियान बोक्ने एमाले अहिले आफै द्वन्द्व भडकाउन सडकमा आएका छन् । काँग्रेसले जसरी पनि संशोधन प्रस्ताव पास गराउने चुनौती दिई रहँदा एमाले मरणासन्न ताकत लगाउने पक्का छ । पास भए नभए यो संशोधन प्रस्तावको औचित्य नरहेको मधेशको लागि न हर्ष न विस्मयको अवस्था छ । शीर्ष तीन दलको तिलस्मी नाटक कोही मधेशको विरोधमा कोही मधेशको पक्षमा खेली रहेका छन् । मधेशले माँगेको अधिकार भने कोही दिन चाही रहेको छैन ।

राज्यले देखाएका रंगविरंगी नाटक पनि मधेशले आफनो अधिकार मागेको कुराबाट नै शुरु भएको हो । उसले राज्यलाई यथावत् राख्न जसरी उठेका अधिकारवादी आन्दोलनहरुलाई निस्तेज गर्न लागि नै रह्यो त्यसरी नै मधेशले पनि अधिकारको संघर्षबारे चिन्तन जारी राख्नु पर्दछ । एक प्रदेशबाट झरेर दुई प्रदेशमा सहमत भएको मधेशलाई त्यसबाट पनि तल झार्दै अस्तित्व नै समाप्त पारि दिने मनसाय बोकेका दलहरु फरक देखिए पनि विचार भने एउटै रहेको कुरामा अब कुनै शंका छैन । मधेशी दलहरुको वैचारिक धरातल कमजोर भई रहेको अवस्थामा वैचारिक बहसको आवश्यकता टडकारो रुपमा आएको छ । नयाँ शक्तिले पनि मधेशका दलहरुलाई उदरस्थ गर्न दूई प्रदेशको कुरा गरि रहेको छ । मधेशलाई नयाँ शक्ति त चाहिएकै हो तर कुन प्रकारको ? त्यो भने बहसबाट निस्किने छ ।

राज्यशक्तिले लिई रहेको परिवर्तित रणनीति बमोजिम मधेशका दलहरु पनि रुपान्तरित हुन सकेन भने मधेशको अधिकार आन्दोलन यथास्थितिमा पुग्ने निश्चित छ । मधेशलाई फँसाउने उद्देश्यका लागि ल्याउने संशोधन प्रस्तावलाई भारतले पनि समर्थन गरि सकेपछि यसको खुलेर विरोध गर्न अपठ्यारो महसूस गर्ने मधेशका दलहरुले यो संशोधन प्रस्तावले मधेशलाई सम्बोधन गर्न सकेन भनेर असन्तुष्टता जाहेर गरे पनि प्रष्ट हुन सकि रहेको छैन । वैचारिक प्रष्टता बिना आन्दोलनको दिशा निर्धारण नहुने प्रष्ट रहेकोले यस्तो अन्योलग्रस्त अवस्थाबाट निस्कन पनि वैचारिक बहस आवश्यक रहेको देखिन्छ । (मधेश दर्पण फिचर सेवा)

# माओवादी केन्द्रका केन्द्रिय सदस्य आर.सी. न्यौपानेको अपिल

नेपालमा विगतमा भएका २००७, २०४६ सालका प्रजातान्त्रिक आन्दोलन र २०५२ पछिको जनयुद्धको राप, ताप र प्रभावमा सफलिभूत भएका २०६२/०६३ को राजनीतिक परिवर्तनहरू नेपाल राज्यलाई समूल रूपमा सुसंगठित सवल र एक ढिक्का बनाई अगाडि बढाउने प्रधान लक्ष्यसहितको अभिमत हो । नेपालको संविधान २०७२ जारी गर्दाका बखत देखिएका विवादित प्रसंगहरू पुनः संविधान संशोधन गरी समाधान गर्ने भन्ने बिषय संविधानतः व्यवस्था छ । संशोधनमार्फत विवादित मुद्दा सच्याउँदै शक्ति सन्तुलन र राष्ट्रिय सहमतिका साथ संविधान कार्यान्वयन गर्दै मुलुकलाई दिशानिर्देश गर्ने र सो को लागि संविधान संशोधनको एजेण्डामा व्यापक छलफल र सहमति स्थापित गर्ने कार्यदिशाको हकमा सरकारले दर्ता गरेको संविधान संशोधन प्रस्ताव स्वागतयोग्य प्रयास हो ।

तर यस ऐतिहासिक अवसर तथा जिम्मेवारीलाई दुरूपयोग गरी हिमाल, पहाड, तराइका राष्ट्रिय जीवनको अर्न्तनिर्भरता र शक्तिलाई प्रतिकूल प्रभाव गर्ने गरी, शास्वत सत्यलाई नै अस्तित्वहीन बनाउने दुष्प्रयास किमार्थ मुलुक र जनताले स्वीकार गर्न सक्दैनन् । विवाद मिलाउने नाममा कहिल्यै विवाद नआएको, छुट्टिनै नमान्ने गरी जनताबीच अन्तरसम्बन्ध कायम भएको पहाड र तराईलाई अलग अलग राज्य बनाउने कार्य जनअभिमत विरूद्ध छ । सारभूत रूपमा यही सार्वभौम सत्यलाई हृदयंगम गरी जागृत भएको राष्ट्रिय जनमत सही दिशा उन्मुख छ । यसमा हामी देशभक्त, राष्ट्रवादी, क्रान्तकारीहरूको दायित्व राष्ट्रिय अभिमतको रक्षा र दिशाबोध गर्नु हो । त्यसैले मौजुदा मूलधारमा रहेका राजनीतिक पार्टीहरूले राष्ट्रिय यथार्थ अनुरूप हिमाल, पहाड, तराइको अविच्छिन्न अन्तरनिर्भरता मौजुदा राख्दै विकासको लागि संघीयतालाई शक्ति निक्षेपीकरणको सिद्धान्त अनुरूप तीन प्रमुख जलाधार कोशी, गण्डकी र कर्णालीलाई तीन प्रदेशः- कोशी, गण्डकी र कर्णालीलाई सर्वस्वीकृत रूपमा अगाडि बढाउन यही अपिल मार्फत प्रस्ताव गर्दछु । यस विषयमा रहेका अन्यौलता र अकर्मण्यतालाई चिरी मार्ग प्रशस्त गर्नु मुलुकको हितमा रहेको ठम्याई छ । यी एजेण्डाहरूलाई तदारूकताका साथ राजनीतिक पार्टीहरूले कार्यान्वयनमा उतार्नु मूल दायित्व समेत हो । यसमा कोही पनि चुक्नु हुँदैन ।

प्रादेशिक सीमाङ्कन संशोधनको सम्बन्धमा जनस्तरबाट राष्ट्रिय हितमा उठेका आवाजलाई हामी ऐक्यवद्धता जनाउँदै जारी विरोध कार्यक्रमहरूमा सहभागिताको लागि जिम्मेवार कमरेडहरूलाई हार्दिक अपील गर्दछु । साथै लुम्बिनीमा तराई र पहाडलाई एउटै राष्ट्रिय मूल प्रवाह तथा एउटै प्रदेशमा राख्ने जुन सचेत अभियान तथा आन्दोलन चलिरहेको छ, त्यसमा हाम्रो ऐक्यवद्धता सहित सहभागिता छ ।

# टाटा गाडीका दुई सोरूम

नेपालमा टाटा गाडीको आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले ससिला मोटर्स प्रालि रविभवन, काठमाडौं र सशीला मोटर्स प्रालि (सूर्यविनायक, भक्तपुरमा सुविधासम्पन्न सोरूम सञ्चालनमा ल्याएको छ ।

टाटा मोटर्स्का दक्षिण एसिया क्षेत्रीय निर्देशक सतिस मच्छेराजु र सिप्रदी ट्रेडिङ्का निर्देशक सौर्य राणाले संयुक्त रुपमा सोरूम उद्घाटन गरेका थिए ।

कार्यक्रममा सिप्रदी ट्रेडिङ्का निर्देशक शम्भुप्रसाद दाहाल, प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ, प्रमुख सञ्चालन अधिकृत राजेशप्रसाद गिरी र टाटा मोटर्सका, नेपाल-भुटान कन्ट्री म्यानेजर बोध प्रकाश मुखियालगायतका पदाधिकारी सहभागी थिए ।

सिप्रदी ट्रेडिङ्का प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले उत्कृष्ट माइलेज, उत्कृष्ट वारेन्टी, मुलुककै सबैभन्दा ठूलो बिक्री, सर्भिस, स्पेयर्स पार्टस् सञ्जाल, न्यूनतम मर्मत खर्च र उच्च पुनर्बिक्री मूल्य टाटाको पञ्चतत्व भएको बताए । सोही कारण टाटाका गाडी नेपालकै उत्कृष्ट ब्रान्डका रुपमा स्थापित भएको उनको भनाइ थियो । टाटा मोटर्स्का दक्षिण एसिया क्षेत्रीय निर्देशक सतिस मच्छेराजुले टाटा गाडी बिक्री र बिक्रीपछिको गुणस्तरीय सेवाले नै कम्पनी दक्षिण एसियामै सशक्त र अग्रणी स्थान ओगट्न सफल भएको बताए ।

कार्यक्रममा ससिला मोटर्सका म्यानेजिङ डाइरेक्टर सन्तोष खतिवडाले काठमाडौं र भक्तपुरका व्यवसायीलाई बैंक फाइनान्स सुविधा उपलब्ध गराई सहज रुपमा टाटा गाडी उपलब्ध गराइने जानकारी दिए । सोरूम सञ्चालनपछि गाडी खरिद गर्न व्यवसायीलाई भौंतारिनु नपर्ने र निम्न पुँजी भएका व्यवसायीलाई पनि गाडीधनी बनाउने काम कम्पनीले गर्ने उनको भनाइ छ ।




Mr Phanindra Nepal Arrested by Police on 02 December 2016, while he was protesting in front of Indian Embassy to observe 02 December as "Black Day" in context of Saguali Treaty.

# मधेशवादी पार्टीमा एकीकरणको आवश्यकता

**चन्द्रकिशोर साह**

अस्तीसम्म ओली एण्ड शासक कम्पनी लिमिटेडले ९० प्रतिशत र दुई तिहाइको कुरा गरेर मधेशीले गरेको विशाल र शान्तिपूर्ण आन्दोलनमा मधेशी जनताको हत्या गरियो । नानाथरिको गाली र आरोप लगायो । अनि आज त्यहीँ दुई तिहाइले संशोधन गर्न खोज्दा किन ख्वाबासी गरेर नृत्य गर्दैछ । यी बाँदरहरूलाई बुझ्नै गार्हो छ । आफू पनि देशमा शान्ति र विकास गर्न चाहदैन र अरूलाई पनि गर्न दिँदैन । यो कस्तो अचम्मको दोहोरो र जोकरको चारित्र हो ? देशलाई बर्बाद गर्ने कांग्रेस, एमाले, माओवादी पार्टी हो तर अब समयलाई बुझेन भने मधेशलाई बर्बाद गर्ने फोरम, सद्भावना, तमलोपा र अन्य मधेशी पार्टी नै हुने हो ।

अहिलेसम्म नेपाली जनतालाई एकता हुन नदिनका लागि अनेक प्रपन्च रचेर यी शासकहरूले आफ्नो स्वार्थ र पैसाका लागि देशको हित विपरीत बारम्बार सम्झौता गरेर मधेश तराईको स्रोत कृषिलाई लथालिङ पारियो र विभिन्न बहाना बनाएर आफ्नो भरूवाहरूलाई मधेशमा पठाएर आफ्नै प्रहरी प्रसाशनको मदतले शोषण गर्न र मधेशका वातावरण बिगार्न लगाइयो । कोही विखण्डनकारी र देशद्रोही हो भने यी शासकहरु हुन् ।

अब यी शासकहरूको सोच एउटै भए पनि कहिले राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्रको नाममा राजा लगायत काग्रेस, एमाले, माओवादी पार्टी चलाउनेहरूले धेरैजसो पहाडी समुदायलाई भ्रमजालमा पारेर (कतिको सोच नै त्यस्तै होला) आफ्नो हनुमान बनाउन सफल भएकै हो । मदारी जस्तै समय समयमा यी बाँदर हरूलाई आफ्नै देशका मधेशी जनताहरूको विरोधमा नानाथरिको प्रोपोगन्डा रचेर त कहिले भारतको कारण देखाएर यी सबै बाँदरहरूलाई कहिले कांग्रेस त कहिले एमाले त कहिले माओवादी त कहिले यीनिहरु मिलेर उफ्रन लगाउँछ र यी बाँदरहरु पनि जोरसोरले उफ्रिन्छ नै । अवाज उठाउने अवश्यकता थियो । जनताबाट प्रत्यक्ष राष्ट्रपति, प्रधानमन्त्री चुन्ने अधिकार सुनिश्चित होस् । देशको हरेक समुदायको पहिचान अपनत्व र अधिकार सुनिश्चित होस् । सांसद मन्त्री बन्नका लागि शैक्षिक योग्यताको मापदण्ड होस् त्यस्ता अन्य मुद्दाहरु । तर, यस्ता कुरा नगरेर अहिले बुटबलमा बाँदरहरु पहिला र अहिले पनि आफ्ना मदारिको आवाजमा ने उफ्री रहेको नमुना ताजा हो ।

यी कुराहरु हेर्दा यिनीहरूको शत्रुता भार तसँग नभएर मधेशीसँग नै राखेछ । मधेशीले यदी आफ्नो प्रदेश र समान समावेशिको अधिकार पायो भने हामी मधेशी माथी शासन र शोषण गर्न पाउँदैन । मधेशीले आफै आफ्नो प्रदेश चलाएर आत्मनिर्भर हुँदै जान्छ र शासकले जुन २०० साल देखी सबै जनतालाई एक आपसमा लडाएर शासन गर्दै आएको छ त्यसको भन्डाफोर नहोस् भन्ने डरले यस्ता प्रोपोगन्डा गर्दै रहन्छ ।

पहिलो कुरा : यदी भारत शत्रु छ भने त्यो भन्दा पहिला ती नेताहरु नेपाली जनताको ठुलो शत्रु हो । जसले विभिन्न खाले असमान सन्धि र सम्झौता गरेका छन् । पहिला ती नेताहरूको विरोधमा आवाज उठाउनु अवश्यकता हो । त्यस्ता असमान सन्धी र सम्झौता खारिज गराउन ती नेता शासकहरूलाई दबाब दिनु जरूरी हो ।

दोस्रो कुरा : यदी भारत साचिकै शत्रु हो भने तिम्रै कित्ताका शासकहरु भारत सामु किन लम्पसार हुन्छन् ? साथै मधेशी आफ्नो नभएर भुटान र भारतका पहाडिहरु कसरी तिम्रो आफ्नो भयो ? कुन राष्ट्रियताले ? भारतमा कुनै प्रतियोगिता हुँदा अनलाईनमा भोट हाल्न कैम्पेन नै नेपालमा किन चलाउनु पर्छ ? भारतमा नै श्रम बेच्न किन जानु पर्ने ? कही नेपालका भू-भागलाई तिमीहरूका शासक अर्को आसाम र गोर्खालैन्ड त बनाउन चाही रहेको छैन ?

तेस्रो कुरा : भारतलाई शत्रु पनि मान्ने, मधेशी हिन्दी बोल्यो भन्ने नानाथरिको आरोप लगाउने तर आफ्नो मुटु मस्तिकमा घरदेखि बाहिरसम्म हिन्दीमा नै रमाउने (फिल्म हेर्नु पर्दा हिन्दी, सिरियल हेर्नु पर्दा हिन्दी, कमेडी हेर्नु पर्दा हिन्दी, मोवाइल मा संगीत र रिङ्टोन पनि हिन्दी नै), यस्तो हुँदा हुँदै पनि मधेशीका लागी भाषाको इसु किन बनाएको ? यही हो रास्ट्रीयता ? यो त अन्ध र मुर्ख राष्ट्रियता हो ।

कति मधेशी हिन्दी बोल्छ त्यसको कारण हो मेरो बिचारमा (पुरा मधेशको कुरा छोडौ अहिले शासकले आफु खुशी बनाएको प्रदेश नम्ब र २ को कुरा मात्र गर्यो त भने त्यहाँ धेरै भाषा बोलिन्छ ( मैथलि, ठेठ मैथलि, भोजपुरि, नेपाली, हिन्दी र अन्य । यहाँ नेपाली भाषा शिक्षितले मात्र बोल्न सक्छ । त्यसमा पनि ९० प्रतिसता असुद्ध बोल्छ । त्यसमा म पनि पर्छु । तर हिन्दी शिक्षित र अशिक्षितले सबले बुझ्छ । त्यसको एउटै कारण हो मधेशमा बोल्ने सब भाषाहरूलाई बुझ्न मदत गर्छ ।

चौथो कुरा : संविधान जारी गर्ने बेलामा पनि शासकहरु नै विखण्डनको सोछ बोकेर विज्ञहरूले दिएको प्रदेश सीमांकन वास्ता नगरी सप्तरीदेखि पर्सासम्मको प्रदेश नं २ बनायो । संविधान जारी गर्दा कही पनि पार्टीमा ह्वीप जारी नहुने नेपालमा भयो । सप्तरीदेखि पर्सासम्मको जिल्लाहरूको एउटा प्रदेश बनाउन हुने तर अर्को प्रदेश बनाउँदा विखण्डन देख्ने, झापा, सुनसरी, मोरङ, कैलाली, कंचनपुर, मकवानपुर, चितवन, सिन्धुली, उदयपुर जस्ता जिल्लाहरूमा मधेशीहरु भन्दा गैरमधेशीको संख्या बढी भएकै कारण ती जिल्लाहरु मधेशमा मिलाउन नहुने तर्क । यी सबै प्रमाण हुनकि नश्लवाद सोच कतिसम्म राखेको छ ।

आफूलाई राष्ट्रिय पार्टी भन्ने नश्लवाद पार्टीहरूका मधेशी सांसदहरु ती शासकहरूका ह्वीपको खेलमा फस्यो । कहिलेसम्म ती मधेशी सांसदहरु लाज नगरि ह्वीपको खेल नै खेल्ने हो । अब त मधेशीसँग गरेको धोका सच्याउनेतिर लागोस् ।

संविधान जारी गर्ने बेलाको उच्श्रृंखलता, मधेशमा भएको आन्दोलन प्रतिको जंगली व्यवहार, मधेशको मुद्दा उठ्दा प्रायोजित अखण्ड आन्दोलनको नाममा वितण्डा, राष्ट्रवादी कहलिएका नेताहरूको बोली बानी बेहोरा, राष्ट्रवादी भनिने मीडियाको भड्काउ एवं जातिवादी समाचार एवं सम्पादकीयले प्रस्ट छ कि यिनीहरु पनि ती शोषक र शासकहरूका लागि जनातालाई भ्रमित र उत्तेजित गर्ने अनलाईन र कम्पनी लिमिटेडका सदस्य नै हो । यी मिडियाहरु ती पार्टी र शासकहरूका अफिसियल मेडियामा सीमित छ ।

यस्ता धेरै कुराहरु छन् जसले यो देखाउँछ कि यी शासकहरूले जनता जनतामा भीडन्त गराएर देशमा शान्ति र विकास चाहेको छैन । मधेशी पार्टीका धेरैजसो पार्टी र नेताहरु आफै आफैमा खुट्टा तानातान र समय समयमा कुर्सीमोह र उचित अडानको कमीले मधेश र मधेशीका मागहरु पुरा हुन सकेको छैन । मधेशी जनतासँग धोका भएकै हो तर यो कुरा पनि सत्य हो कि आज मधेशी पार्टी र जनताको कारणले आज देशमा शोषणमा परेका सम्पूर्ण समुदाय जागरूक हुँदै गैरहेको छ ।

अहिलेको परिस्थितिमा पहिलाको कमी कमजोरीलाई सच्याउदै सम्पूर्ण मधेशी पार्टी र अधिकारको लडाइमा साथ भएका अन्य पार्टीहरु एक भएर पुरा गर्नु जरूरी छ । मधेशी पार्टीहरु एकले अर्काको कार्यकर्ता भित्र्याउनु भन्दा सब एकजुट भएर पार्टी एकिकरण तिर लाग्नु पर्ने हो ।

जुन मान्छे मधेश र मधेशी जनता प्रती भ्रमित छ तीनिहरु मधेशमा गएर हेरौ मधेशी जनता के चाहन्छ । मधेशी जनता स्वालाम्बी हो, झगडा भन्दा पनि मिलेर आफ्नो स्तुत्वमा बस्न चाहन्छ । नस्लवाद शासक र तीनिहरूको जमातले मधेशीलाई अहिले सम्म अवहेलना गर्दै आएछ । अहिले पनि समय छ मधेशी जनताको भावना बुझोस् र बेतुके बिरोध र अपहेलना गर्न छोडेर सबै समुदाइको अधिकार सुनिश्चित गरौ र नेपाल लाई समृद्ध , सम्पन र आत्मनिर्भर भएर सबा मिलेर विकास गर्न तिर लागौ । यदी अहिले पनि बुझेन भने मधेश स्वतन्त्र हुन कुनै शक्ति रोकन सक्दैन त्यो अन्तिम विकल्प मधेशी जनाता रोजने नै हो । र मधेशी मोर्चाको पनि यो अन्तिम विकल्प रोजनै पर्ने बाध्यता हुन्छ ।

# स्याउलाबाट तेल बनाउने उद्योग खुल्यो

पाँचथर । जंगलमा खेर गइरहेको स्याउला प्रयोगबाट तेल निस्किने भएपछि सिदिनका स्थानीयले थप आम्दानी हात पार्न थालेका छन् । पाँचथरको सिदिनमा मेसिन जडान गरी कच्चा तेल उत्पादन थालिएपछि स्थानीयले रोजगारीका साथै आम्दानीको स्रोत फेला पारेका हुन् ।

उलाको पात लामो समयसम्म परीक्षण गरेपछि कच्चा तेल उत्पादनमा सफलता हात परेको हो । उद्योग स्थापनाका लागि लगानी गरेका इलाम माइमझुवाका लीलाबहादुर गुरूङले भने, 'तेल उत्पादन हुन थालेपछि उद्योग खोलेका हौँ ।'

उद्योगले आधिकारिकता पाएपछि उत्पादकले फिदिममा पत्रकार सम्मेलन गरी कच्चा तेल उत्पादनबारे जानकारी गराएका थिए ।

गुरूङसहितको टोलीले यसअघि परीक्षणका लागि सोही ठाउँको बुढीथाम सामुदायिक वन उपभोक्ता समूहसँग सुझाब लिएको थियो । त्यस क्षेत्रमा धसिंग्रे प्रजातिको वनस्पति हुने भएकाले उद्योग सञ्चालन गर्दा घाटा नहुने देखिएपछि सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा उद्योग खोलिएको हो ।

मदिरा बनाउने परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी कच्चा तेलको सफल उत्पादन गरिएको उपभोक्ता समितिका सचिव कृष्णकुमार गुरूङले जानकारी दिए । यसअघि उद्योगका रूपमा दर्ता नभई अभ्यास गरिए पनि तेल उत्पादनका लागि हाल सरकारी अनुमति लिइसकिएको छ ।

हाल स्थानीयले बुढीथाम जडीबुटी तथा तेल उत्पादन केन्द्र नामक संस्था दर्ता गरी कच्चा तेल उत्पादन गरिरहेका छन् । जंगलमा पाइने स्याउला प्रशोधनका लागि चैतदेखि जेठसम्म र कात्तिकदेखि पुस उपयुक्त हुने उत्पादकको भनाइ छ ।

'अरु महिना पातबाट त्यति तेल आउँदैन, यो सिजन उपयुक्त भएकाले वर्षभरिको काम सोही सिजनमा गर्नुपर्ने हुन्छ,' गुरूङले भने, 'एक सिजनमा मात्रै उद्योगले एक सय २० लिटर कच्चा तेल उत्पादन गरेको छ ।' जिल्लाका दुई स्थानमा यस्तो प्रविधिमार्फत तेल उत्पादन भइरहेको सामुदायिक वन उपभोक्ता जिल्ला महासंघका अध्यक्ष देवीप्रसाद न्यौपानेले जानकारी दिए । 'लुङरूपा र सिदिनमा यस्ता उद्योग खोल्न प्रोत्साहन गरिएको छ,' उनले भने, 'दुई स्थानमा गरी मासिक दुई सय लिटर कच्चा तेल उत्पादन गर्ने लक्ष्य छ ।'

लुङरूपामा मकैबारी ढूलोडुँड सामुदायिक वन उपभोक्ता समितिले पनि सोही प्रकृतिको प्रविधि भित्र्याएको छ ।

## खेलकुद

# रोनाल्डोले जिते चौथोपटक बालो डे अर अवार्ड

स्पेनिस क्लब रियल म्याड्रिडका पोर्चुगाली फरवार्ड क्रिस्टियानो रोनाल्डोले चोथोपटक फुटबलको प्रतिष्ठित अवार्ड बालोन डे अर जितेका छन् । रोनाल्डोले अर्को स्पेनिस क्लब बार्सिलोनाका अर्जेन्टिनी फरवार्ड लियोनल मेसीलाई पछि पार्दै उपाधि जितेका हुन् । अवार्डको तेस्रो स्थान स्पेनकै अर्को क्लब एट्लेटिको म्याड्रिडका फ्रेन्च फरवार्ड एन्टोनियो ग्रिजम्यानले हात पारे । पछिल्लो ६ वर्ष फिफासँग सहकार्य गर्दै फ्रान्स फुटबलले बालोन डे अवार्ड प्रदान गर्दै आएको थियो । गत सेप्टेम्बरमा फिफाले फ्रान्स फुटबलसँगको सहकार्य भंग गरेको



थियो । फिफाले ९ जनवरीमा छुट्टै कार्यक्रमको आयोजना गर्दै वर्ष खेलाडीको घोषणा गर्नेछ ।

युरो २०१६ पोर्चुगलले जित्दा कुशल कप्तानी गरेका रोनाल्डोले पछिल्लो आठ वर्षमा चौथोपटक बालोन डे अरको उपाधि जितेका हुन् । युरोकपमा ३ गोल गरेका रोनाल्डोले च्याम्पियन्स लिग रियल म्याड्रिडले जित्दा उत्कृष्ट प्रदर्शन गरेका थिए । रोनाल्डोले सन् २००८, २०१३, २०१४ र २०१६ मा गरी चौथोपटक उपाधि जितेका हुन् । सन् २००९ यता लियोनल मेसीले पाँचपटक बालोन डे अर उपाधि जितेका थिए ।

चौथोपटक फिफा बालोन डे अर उपाधि जितेपछि रोनाल्डोले नसोचेको सफलता हात पारेको बताए । 'मैले चारपटक गोल्डेन बलको उपाधि जित्नेछु भनेर कहिल्यै सोचेको थिइनँ, नसोचेको सफलता हात पार्दा एकदमै खुसी छु,' रोनाल्डोले भने, 'मेरा सहकर्मी, राष्ट्रिय टोली, रियल म्याड्रिड र समर्थकहरूलाई धन्यवाद दिन चाहन्छु ।' पछिल्लो सिजन देश र क्लबका लागि ५४ गोल गरेका रोनाल्डोले यो सिजन २० खेलमा १९ गोल गरिसकेका छन् ।

विश्वभरका १ सय ७३ जना पत्रकारले गरेको भोटिङको आधारमा बालोन डे अरको विजेता घोषणा गरिएको हो । पत्रकारहरूले उत्कृष्ट खेलाडीको सूचीमा परेका ३० खेलाडीलाई मतदान गरेका थिए । रोनाल्डोका क्लबका सहकर्मी गारेथ बेल छैटौँ स्थानमा परे । अघिल्लो सिजन लेस्टर सिटीलाई प्रिमियर लिगको च्याम्पियन बनाउन उत्कृष्ट प्रदर्शन गरेका जिमी भर्डी आठौँ भए ।

# धनगढी प्रिमियर लिग चैतमा

धनगढी प्रिमियर लिग ५ चैतबाट सुरु हुने भएको छ । सन् २०१० देखि सुरू भएको एसपिए कप र धनगढी क्रिकेट लिगलाई मर्ज गरी नयाँ स्वरूपको लिग आयोजना गर्न लागिएको आयोजक धनगढी क्रिकेट एकेडेमीले जनाएको छ । प्रतियोगिताको पुरस्कार राशिमा पनि पाँच गुणा वृद्धि गर्दै १५ लाख पु-याइएको छ । २८ लाख ५० हजार पुरस्कार राशिमा खर्च गरिने प्रतियोगिताको उपविजेतालाई ७ लाख प्रदान गरिनेछ । प्रत्येक खेलको म्यान अफ दी म्याचलाई १० हजार र प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई मोटरसाइकल पुरस्कार दिइनेछ ।

अघिल्लो वर्ष कैलालीका विभिन्न स्थानमा आयोजना भएको प्रतियोगितामा अब भने देशभरका ६ सहरका टोलीको सहभागिता रहने बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । आयोजक धनगढी क्रिकेट एकेडेमीका अध्यक्ष सुवास शाहीका अनुसार अहिलेसम्म धनगढी, अत्तरिया, रूपन्देही र काठमाडौंले प्रतियोगितामा भाग लिने पक्का भइसकेको छ । अन्य दुई टोलीले भाग लिने तयारी गरिरहेको शाहीले बताए । प्रतियोगिताका टोलीहरु २१ पुसमा घोषणा गरिनेछ ।

टोलीको घोषणा गरिएको दुई दिनपछि २३ पुसमा खेलाडीको अक्सन (अनुबन्धन रकम बढाबढ) गरिनेछ । प्रत्येक टोलीले अक्सनमार्फत खेलाडीहरु अनुबन्ध गर्नेछन् । अक्सनमा राष्ट्रिय टोली खेलाडीको न्यूनतम अनुबन्धन रकम ५० हजार रूपैयाँ राखिएको छ । पूर्वराष्ट्रिय क्रिकेटर र यू-१९ क्रिकेटरको मूल्य ३० हजार राखिएको छ । अन्य खेलाडीको न्यूनतम मूल्य २० हजार हुने आयोजकले जनाएको छ । अक्सनको दिन रकम बढाबढ गर्दै टोलीहरूले खेलाडी अनुबन्ध गर्न सक्नेछन् । प्रत्येक टोलीमा १५ खेलाडी र एक प्रशिक्षक रहनेछन् । प्रत्येक टोलीले तीनजना विदेशी खेलाडी अनुबन्ध गर्न पाउनेछन् भने प्लेइन-११ मा दुई विदेशी खेलाडी मात्र राख्न पाउनेछन् ।

## रंगीन खबर

# रहेनन् हास्य अभिनेता आरपी भट्टराई

हास्य कलाकार आरपी भट्टराईको ४२ वर्षको उमेरमा शुक्रबार निधन भएको छ । टेलिशृंखला, 'तितो सत्य'मा मेरो नाम राजाराम रानाभाट भन्दै लामो समय नेपाली दर्शकलाई हँसाएका आरपीको विराटनगरस्थित फुपूको घरमा निधन भएको हो ।

लामो समयदेखि मधुमेह र उच्च रक्तचापबाट ग्रसित



आरपी चार दिनअघि गृहजिल्ला विराटनगर पुगेका थिए । मधुमारास्थित फुपूको घरमा पुगेका आरपी खाना खाएर सुतेका थिए । बिहान उनी मृत अवस्थामा भेटिएका थिए । उनको हृदयाघातका कारण निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

आरपीको शुक्रबार राति परोपकार घाटमा अन्तिम संस्कार गरिएको छ । उनको अन्तिम संस्कारमा सहभागी हुन हास्य कलाकार दीपकराज गिरी र दीपाश्री निरौला विराटनगर पुगेका थिए । उनको शुक्रबार साँझ अन्तिम संस्कार गरिएको गिरीले जानकारी दिएका छन् ।

आरपीले '६ एकान ६', 'छक्कापञ्जा'लगायतका थुप्रै फिल्ममा अभिनय गरेका छन् । उनकी श्रीमती सरु भट्टराई र दुई छोरा छन् । लामो समयदेखि राजधानीमा बस्दै आएका आरपी राष्ट्रिय नाचघरका कर्मचारी हुन् ।

केही समय स्थानीय राजनीतिमा सक्रिय आरपी कलाकार बन्ने धोको पालेर राजधानी छिरेका थिए । उनले '५२ घुस्सा ५३ ठक्कर'मा अभिनय गरेर आफूलाई कला क्षेत्रमा होमेका थिए ।

श्रीमतीसँगै काठमाडौं आएका आरपीलाई आर्थिक संकट परेपछि कस्मेटिक पसल र ट्रक किनेर व्यापार पनि गरेका थिए । तर, ट्रक व्यवसाय घाटामा गएपछि उनले श्रीमतीसँग चुच्चेपाटीमा बेकरी पसल चलाए । उनले म्यानपावर व्यावसाय पनि सञ्चालन गरे ।

०६४ सालमा 'तितो सत्य'मा अभिनय गरेपछि भने उनको चर्चा चुलिएको थियो । त्यसपछि उनले आफ्नो मुख्य कर्म नै अभिनयलाई बनाएका थिए । मोटो शरीरका आरपी गायक पनि हुन् । उनले हास्यरसयुक्त गीत पनि श्रोतामाझ ल्याएका थिए ।

# अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा १६ देशका ४६ फिल्म

अन्तर्राष्ट्रिय चलचित्र महोत्सव नेपाल- ०१७ आगामी पुस २७ देखि माघ २ सम्म धरानमा गरिने भएको छ ।

पाँच दिनसम्म चल्ने महोत्सवमा दुई सयभन्दा बढी फिल्मले सहभागिताका लागि आवेदन दिए पनि १५ देशका ४६ वटा फिल्म छानिएको महोत्सव आयोजक संस्था अखिल नेपाल चलचित्रकर्मी संघले जनाएको छ ।

महोत्सवमा नेपाल, चीन, भारत, बंगलादेश, श्रीलंका, जापान, इरान, क्युबा, इजिप्ट, रूस, स्टोनिया, काजकिस्तान, जर्मनी, मोन्टेनेग्रो र टर्की गरी १५ देशका ४६ फिल्म छनोट भएका छन् । चयन भएका सिनेमामा फिचर फिल्म, सर्ट फिल्म, डकुमेन्ट्री, डकुड्रामा र कार्टुन फिल्म छन् ।

आयोजक संस्थाले राजधानीमा गरेको प्रेसमिटमा बेस्ट फिचर फिल्मका लागि ५० हजारको 'श्रीजंगा अवार्ड', बेस्ट डकुमेन्ट्रीका लागि ३० हजारको 'रामप्रसाद राई अवार्ड', बेस्ट सर्ट फिल्मका लागि ३० हजारको 'चतुरमान राजवंशी अवार्ड', बेस्ट फिचर फिल्मका लागि एक हजार अमेरिकी डलरको 'गौतम बुद्ध बेस्ट फिचर फिल्म अवार्ड', बेस्ट डकुमेन्ट्रीका लागि पाँच सय अमेरिकी डलरको 'माउन्ट एभरेस्ट बेस्ट डकुमेन्ट्री अवार्ड' र बेस्ट सर्ट फिल्मका लागि ३ सय अमेरिकी डलरको 'रारा बेस्ट सर्ट फिल्म अवार्ड' प्रदान गरिने जानकारी दिएको छ ।

महोत्सवको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्नेछन् । महोत्सव गर्नुको मुख्य उद्देश्य मौलिक, सार्थक, यथार्थपरक र कलात्मक फिल्मलाई प्रवर्द्धन गर्ने र यस्ता फिल्मलाई मूलधारका फिल्मसँग जोडेर अघि बढाउनु रहेको छ ।

'विश्वका सिनेकर्मीसँग बहस गर्दै प्रादेशिक रूपमा चलचित्रको विकासका लागि प्रोत्साहन मिलोस् भन्ने चाहनाकै लागि महोत्सव गर्न लागेका हौं,' संघका अध्यक्ष केपी पाठक भन्छन्, 'सोही कारण यसपटक हामीले प्रदेश नम्बर १ को सहर धरानमा पहिलो अन्तर्राष्ट्रिय फिल्म महोत्सव आयोजना गर्न लागेका हौं । महोत्सवलाई सात वर्षभित्र सातवटै प्रदेशमा गर्ने लक्ष्य छ ।'

अवार्डका निर्णायकमा चीनका वरिष्ठ फिल्म निर्देशक सेई फी, फ्रान्सका फिल्म प्राध्यापक ड्रागन मिलिन कोभिक, भारतकी सिनेमाटोग्राफर फाओजिया फथिमा र नेपालका वरिष्ठ निर्देशक लक्ष्मीनाथ शर्मासँग अभिनेता राजेश हमाल पनि छन् । हमाल यस्तो महोत्सवले अन्तर्राष्ट्रिय चलचित्र संस्कृति आदान-प्रदानमा सहयोग पुग्ने र नेपाल पनि फिल्म हब बन्दै छ भन्ने सन्देश प्रवाह हुने बताउँछन् ।

# किङमा बेनीशा क्विन

अभिनेत्री बेनीशा हमालले 'स्वर', 'लक', 'मोक्ष', 'महसुस'लगायतका फिल्ममा अभिनय गरिन् । राम्रै ब्यानर र निर्देशकका फिल्ममा अभिनय गरे पनि उनी हिरोइनका रूपमा स्थापित हुन भने सकिरहेकी छैनन् । केकी अधिकारीकी सबैभन्दा नजिककी साथी बेनीशा 'अब जन्मुपर्छ' भन्ने जोडमा छिन् ।

उनी अभिनीत पछिल्लो फिल्म 'किङ' २९ पुसदेखि प्रदर्शनमा आउँदै छ । फिल्मको नाम किङ, हिरो निखिल । अनि, हिरोइन बेनीशा । किङकी क्विन बनेकी बेनीशा यो फिल्मले आफ्नो करिअर उँचो बनाउने आशामा छिन् । तर, एक्सन किङमा लभर क्विनले आफूलाई कति र कसरी प्रस्तुत गर्न पाएकी होलिन् ? यो भने फिल्म हेरेपछि मात्रै थाहा हुनेछ । किङकी एक्ली 'क्विन' भएकीले बेनीशालाई अहिले क्विन भन्न पक्कै पाइएला !

# चौलागाईंको 'जीवनको अन्तरंग'

पाँच दशक लामो शिक्षणयात्राका क्रममा आफूले भोगेका र देखेका अनुभूति समेटेर चूडाप्रसाद चौलागाईंले लेखेको पुस्तक 'जीवनको अन्तरंग' शनिबार सार्वजनिक भएको



छ । शिक्षामन्त्री डिआर पौडेल, काभ्रेका शिक्षा अधिकारी डा. दीपेन्द्र गुरुङ, विकु लामा, साहित्यकार श्रीओम श्रेष्ठ रोदन र छविरमण सिलवालले यो पुस्तकको संयुक्त रूपमा विमोचन गरेका हुन् ।

चौलागाईंको पुस्तकमा ४६ विभिन्न शीर्षक छन् । कार्यक्रममै प्रभा एलुम्नाइले विशिष्ट योगदान पुऱ्याउने संस्था तथा भूतपूर्व विद्यार्थीहरूलाई सम्मान पनि गऱ्यो । सम्मानित हुनेमा डा. नमराज गौतम, दीनानाथ गौतम, विष्णु चौलागाईं र विकट कोशीपारि एम्बुलेन्स सेवा सञ्चालन गरेर मानवीय धर्म निर्वाह गर्ने कात्तिके देउराली समाज दक्षिण कोरिया हुन् ।

# जीवाको सरसर्ती संसार

व्यवसायी तथा पूर्वएनआरएन अध्यक्ष जीवा लामिछानेको पहिलो नियात्रा संग्रह 'सरसर्ती संसार' शनिबार सार्वजनिक गरिएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रममा यो पुस्तक औपचारिक रूपमा सार्वजनिक गरिएको हो ।

सार्वजनिक कार्यक्रममा जीवासँग पत्रकार देवेन्द्र भट्टराईले विभिन्न विषयमा कुराकानी गरे । पुस्तकभित्रका र बाहिरका अनेक प्रसंगबारे देवेन्द्रका प्रश्नमा जीवाले उत्तर दिए । 'डायरीलेखन मेन्टेन गर्ने भएकाले म यो पुस्तक लेख्न सफल भएको हुँ,' कार्यक्रममा जीवाले भने, 'तर, यसमा मैले देखेको पूरै संसार आएको छैन । आफूलाई महत्वपूर्ण लागेको कुरा छुटाएको पनि छैन ।'

कार्यक्रमको अन्त्यमा जीवाले उपन्यासकार ध्रुवचन्द्र गौतमलाई पुस्तक उपहार दिए । गौतमले औपचारिक रूपमा पुस्तक लोकार्पण गरे ।

पुस्तकमा व्यवसाय, व्यक्तिगत काम तथा घुमघामका लागि विभिन्न देश पुगेका जीवाका अनुभूति राखिएका छन् । यसलाई २९ विभिन्न शीर्षकमा बाँडिएको छ ।

पब्लिकेसन नेपालयले बजारमा ल्याएको यो पुस्तकको मूल्य ३४५ रूपैयाँ राखिएको छ ।

## कर्पोरेट

# ग्लोबल आइएमई बैंकले प्यासिफिक प्राप्ति गर्ने

ग्लोबल आइएमई बैंकको बुधबार सम्पन्न विशेष साधारणसभाले लमजुङको बेँसीसहर नगरपालिकामा मुख्य कार्यालय रहेको प्यासिफिक डेभलपमेन्ट बैंकलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ । हाल प्यासिफिकको चुक्ता पुँजी १३ करोड रुपैयाँ छ ।

डिडिए प्रतिवेदनको सिफारिसअनुसार प्यासिफिक डेभलपमेन्ट बैंकको सय कित्ता सेयरलाई ग्लोबल आइएमई बैंकको ६९.२६ कित्ता सेयर दिने गरी सेयर स्वाप अनुपात कायम गर्नेसहितको विशेष प्रस्ताव सर्वसम्मत पारित भएको बैंकले जनाएको छ । प्राप्तिपछि ग्लोबल आइएमई बैंकको चुक्ता पुँजी ६ अर्ब २५करोड ६३ लाख पुग्नेछ । प्राप्ति (एक्विजिसज) सम्बन्धमा राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको स्वीकृति लिई आउँदो पुस १५ भित्रै एकीकृत कारोबार गर्ने लक्ष रहेको बैंकले बताएको छ । बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउन्टर तथा शाखारहित बैंकिङ सेवामार्फत ग्राहकलाई सेवा दिँदै आएको छ ।

८१ अर्ब निक्षेप, ६९ अर्ब कर्जा लगानी रहेको बैंकका हाल ९१ वटा शाखा, ९ वटा राजस्व संकलन काउन्टर, १ सय ३ एटिएम, ६ वटा एक्सटेन्सन काउन्टर, भारत तथा अस्ट्रेलियामा सम्पर्क कार्यालय, ४४ वटा शाखारहित बैंकिङ सेवा तथा एउटा सिडिएस काउन्टर छन् । बैंकले अत्याधुनिक प्रविधियुक्त मोवाइल बैंकिङ सेवा, इन्टरनेट बैंकिङ सेवाका साथै अस्ट्रेलिया, मलेसिया, भारत, दक्षिण कोरिया, कतार, युएई, बहराइनलगायतका मुलुकबाट रेमिट्यान्स सेवासमेत प्रदान गरिँदै आएको जनाएको छ ।

# स्याङ्जाको सुन्तलेटारमा नेपाल बैंकको शाखा

नेपाल बैंकले विगतमा विस्थापित आफ्ना शाखा पुनर्स्थापना गरी ग्राहकलाई आधुनिक एवं स्तरीय सेवा प्रदान गरी व्यवसाय विस्तारित गर्ने उद्देश्यले स्याङ्जाको चापाकोटस्थित सुन्तलेटार शाखा सञ्चालनमा ल्याएको छ । ०४१ मा स्थापित भएको शाखा द्वन्द्वकालमा सुरक्षाका कारणले विस्थापित भएको थियो ।

सुन्तलेटार शाखासहित बैंकले १ सय २७ वटा शाखामार्फत आधुनिक एवं सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्दै आएको छ जनाएको छ ।

बैंकले निकट भविष्यमा व्यावसायिक सम्भाव्यताका आधारमा मुलुकका ग्रामीण एवं सहरी क्षेत्रमा आधुनिक बैंकिङ सेवा विस्तार एवं शाखा पुनर्स्थापना गर्दै लैजाने योजना रहेको जनाएको छ ।

# दमकमा जनता बैंकको शाखा

जनता बैंक नेपालले झापाको दमकमा शाखा विस्तार गरी कारोबार सुरु गरेको छ । दमकसहित बैंकका शाखा सञ्जाल ३८ पुगेका छन् । दमक शाखा उद्घाटन बैंक सञ्चालक केशवबहादुर रायमाझीले गरेका थिए ।

गत आवमा बैंकले ३२.५३ करोड खुद मुनाफा आर्जन गरेको थियो । हाल बैंकले ३० वटा एटिएम, १५ वटा शाखारहित बैंकिङ इकाइ, इन्टरनेट तथा मोबाइल बैंकिङमार्फत ग्राहकलाई वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

यो आवभित्र सिरहाको लहान, महोत्तरीको बर्दिवास, मकवानपुरको हेटौंडालगायत उपयुक्त स्थानमा शाखा र एटिम थप गरी नेटवर्क विस्तार गर्ने, ग्रामीण क्षेत्रमा शाखारहित बैंकिङ इकाइ स्थापना गर्ने, बचत निक्षेप संकलन र कृषि तथा साना उद्यम कर्जा परिचालनमा जोड दिई मुनाफा बढाउने योजना रहेको बैंकले बताएको छ ।

# सानिमाले हकप्रद निष्कासन गर्ने

सानिमा बैंकले १० सेयर बराबर ३ कित्ताको अनुपातमा १ करोड ५९ लाख १७ हजार ६ सय सात कित्ता हकप्रद सेयर निष्कासन गर्न बिक्री प्रबन्धकका रूपमा सिबिआइएल क्यापिटललाई नियुक्त गरेको छ ।

सिबिआइएल क्यापिटलसँग भएको हकप्रद सेयर निष्कासन सम्झौतामा बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत तेजबहादुर चन्द र सिबिआइएल क्यापिटलका नायब प्रमुख कार्यकारी अधिकृत नलिना श्रेष्ठले हस्ताक्षर गरेका थिए । बैंकले सेयरधनीलाई १०० अंकित दरका १,५९,१७,६१७ कित्ताले हुन आउने १ अर्ब ५९ करोड १७ लाख ६१ हजार ७ सयबराबरको हकप्रद सेयर निष्कासन गर्दै छ ।

# अरनिकोको बोनस सेयर पारित

अरनिको डेभलपमेन्ट बैंकको ११औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारणसभाले सेयरधनीलाई १७.८९ प्रतिशत बोनस दिने निर्णय पारित गरेको बैंकले जनाएको छ ।

मंसिर मसान्तसम्म कुल पुँजी २५,७८.३० लाख, कर्जा तथा सापटी १,८५ करोड, कुल निक्षेप २,०९ करोड, सञ्चालन मुनाफा २,१७ लाख रहेको साधारणसभामा बैंकका प्रमुख कार्यकारी अधिकृत झनकराज ढुंगेलले जानकारी दिए ।

Sajha Express (p.) Ltd.
DOMESTIC & INT 'L COURIER CARGO SERVICE
Head Office Branch Office
Hanumansthan, Anamnagar
Po Box 14189 Kathmandu,
Nepal, Tel .4230789 ,4230269
Barnwal Market, Birgunj
Hari Panta (Branch Manager),
Tel. 051-526809 , 9855021524

## रायमाझीले...

समितिको बैठकमा डा.भट्टराईले अध्यक्षलाई त्यो कुरा बताएका र अध्यक्षले कुनै प्रतिक्रिया नदिएपछि भट्टराई बैठक छाडेर हिँडेको बताउँदै भनेका छन्, संविधान जारी भएपनि भारतले स्वीकार गर्दैन्, मधेसवादी दलहरूलाई प्रयोग गरेर भारतले आन्दोलन चलाउँछ मधेसमा आन्दोलन हुन्छ भनेर भट्टराईले संविधान जारी हुनुपूर्व नै भनेका थिए ।

संविधान जारी भएपश्चात डा.भट्टराईले माओवादी परित्याग गरे, मधेसमा आन्दोलन भयो, संविधान जारी भएपश्चात भारतले अघोषित नाकाबन्दी समेत गर्‍यो । भट्टराईले भनेजस्तै भयो, यी सबै तथ्यहरूले प्रष्ट हुन्छ भट्टराई अहिले पनि नेपालीको भेषमा भारतकै हितका लागि कार्य गरिरहेका छन् । भट्टराईको प्रिय पात्र मानिएका रायमाझीसहितका धेरे मानिसहरूले भट्टराई छोडे । आफूहरूले भट्टराईले छोड्नुको कारण सुनाउँदै रायमाझीले भने, भट्टराई कुनै न कुनै रूपमा अहिले पनि प्रयोग भएकै छन् । पछिल्लो समयमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले संसदमा दर्ता गराएको संविधान संशोधन प्रस्तावलाई डा.भट्टराईले नेतत्व गरेको नयाँ शक्तिले अपुरो र अधुरो रहेको बताउँदै आएको छ । खासगरेर संविधानसभाले प्रस्तावित गरेको ५ नम्बर प्रदेशका पहाडी जिल्लाहरूलाई ४ नम्बर प्रदेशमा राख्ने प्रस्ताव विरूद्ध त्यस क्षेत्रका जनताले कांग्रेस-माओवादीसहितका अन्य दलहरूले नै विरोध गरिसडक आन्दोलनमा गएका बेला कुनै समयमा डा.भट्टराई प्रिय पात्र मानिएका रायमाझीले भट्टराईका बारेमा जुन रहस्य खोलेका छन्, त्यो आफैंमा रहस्यपूर्ण रहेको छ । डा.भट्टराईलाइ पहिलादेखि नै भारत परस्तको रूपमा हेरिन्छ । उनी प्रधानमन्त्री हुँदा भारत भ्रमणमा गएर विप्पा सम्झौता समेत गरेका थिए । अहिले त्यो सम्झौता कार्यान्वयन भएको छैन, त्यसलाई संसदबाट अनुमोदन गराउनु पर्नेमा अहिलेसम्म त्यसो भएको छैन । संविधान संशोधनका बारेमा समेत बहस चलिरहेका बेला रायमाझीले भट्टराईका बारेमा खोलेको रहस्यले भारतको नियत र भट्टराईको चाहना प्रष्ठ हुन्छ । उनीहरू दुवै नेपाललाई अस्थिरतामा राख्दै आफ्नो स्थार्थ पुरा गर्न नै उद्धत छन् । संविधान संशोधनको प्रस्ताव पनि त्यसकै एउटा पाटो मात्र हो । हाम्रोजस्तो पहाडी मुलुकलाई प्रदेशमा विभाजित गर्दा उत्तरदक्षिण गर्नुपर्नेमा तराई पहाडलाई छुट्याउने प्रस्ताव संसदमा पेश गर्नु मुलुककै लागि दुर्भाग्यको हो । यसले भविष्यमा नेपाल टुक्रिन सक्छ भन्ने हेक्का सबैमा होस् ।

## सम्पादक...

रहेका थिए । उनले कार्यक्रमको उद्घाटन गर्दै संविधान संशोधनले राष्ट्रघात नहुने दाबी गर्दै पुरानै स्थानीय निकायको संरचनामा भएपनि आगामी वैशाखसम्ममा निर्वाचन गर्ने सरकारको योजना रहेको बताएका थिए । कार्यक्रममा विशेष अतिथि पूर्वसामान्य प्रशासनमन्त्री तथा एमाले पोलिट्ब्यूरो सदस्य लालबाबु पण्डितले संविधान संशोधनभन्दा अहिले मुलुकको आवश्यकता संविधान कार्यान्वयन र स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन गुर्न रहेको धारणा व्यक्त गरेका थिए ।

समाजका अध्यक्ष यामबहादुर जिसीको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्रमा लामो समयदेखि क्रियाशील भइ देश, जनता र राष्ट्रका लागि महत्वपूर्ण योगदान दिएका पत्रकार, संगीतकार, कलाकार, पर्यटन व्यवसायी, उद्यमी, कर्मचारी, खेलकुदकर्मीलगायतका एकदर्जनभन्दा बढी विशिष्ठ व्यक्तिहरूलाई सम्मान गरिएको थियो । समाजले ३४ वर्षदेखि पत्रकारिता क्षेत्रमा कार्यकरत वरिष्ठ पत्रकार देवेन्द्र चुडाल, संगीतकर्मी टीका भण्डारी, शक्ति बल्लभ, खेलकर्मी टेकबहादुर रानाभाटलगायतलाई सम्मान गरेको थियो । कार्यक्रममा सम्मानित व्यक्तिका तर्फबाट बोल्दै वरिष्ठ पत्रकार चुडालले अहिले देशमा संविधान संशोधन होइन, कार्यान्वयनको आवश्यकता रहेको बताउँदै प्रदेश नं. ५ को सीमा हेरफेरको प्रस्ताव गर्दा पहाडी जिल्लालाई हटाएर नेपाललाई विभाजित गर्ने षड्यन्त्र भइरहेको बताउनु भएको थियो । समाजिक रूपान्तरणका लागि नागरिक समाजले आफूलाई सम्मान गरेकोमा उहाँले समाजले आयोजकलाई धन्यवाद दिंदै स्वतन्त्र, निष्पक्ष र पारदर्शी ढंगले मूल्यांकन गरेर सम्मानित गरेको बताउनु भएको थियो ।

## प्रधानमन्त्रीलाई...

नै छैन । एमालेसहितका अन्य विपक्षीहरूको एकतिहाई अर्थात २०० को संख्या रहेको छ । सत्तामा रहेको राप्रपाले अहिलेकै अवस्थामा संविधान संशोधनको प्रस्तावलाई समर्थन गर्न नसकिने संस्थागत निर्णय सर्वाजनिक गरिसकेको छ भने विजय गच्छदारले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले समेत विधेयकको पक्षमा मतदान गर्न नसकिने बताइसकेको अवस्थामा देउवा किन विधेयकलाई प्रक्रियामा लैजान चाहन्छन् त ?

कांग्रेस-माओवादी कन्द्रबीच गत साउनमा भएको लिखित सहमति अनुसार पुष्पकमल दाहालले आउँदो चैत्रभित्रमा देउवालाई सत्ता हस्तान्तरण गर्ने सहमति भएको थियो । त्यही रणनीति अनुसार दाहाल प्रधानमन्त्री भएका हुन् र संविधान संशोधन गर्ने कुरामा मधेसवादी दलहरूले दाहलालाई मतदान गरएका थिए । अहिले संविधान संशोधनको प्रक्रिया पनि संकटमा परेकाले देउवाले संविधान संशोधनलाई प्रक्रियामा लगेपछि फेल हुने भएपछि दाहालले नैतिकताका आधारमा राजिनामा गर्नुपर्ने र आफू तत्कालै प्रधानमन्त्री बन्न पाउने लोभमा परेर संविधान संशोधनको प्रस्तावलाई प्रक्रियामा लैजान सरकारलाई दबाब दिइरहेको् राजनीतिक विश्लेषकहरूले बताएका छन् । संसदमा सरकारले पेश गरेको विधेयक पारित नभएको अवस्थामा प्रधानमन्त्री दाहालले नैतिकताका आधारमा राजिनामा दिने विश्वास देउवालाई भएपनि दाहालले त्यो नैतिकता देखाउलान् भनेर विश्वास गर्न सकिने सम्भावना न्यून रहेको छट । यसरी प्रधानमन्त्री दाहाल एकातिर मधेशवादी दलको धम्की, अर्कोतिर संसद अवरूद्ध गरिरहने प्रमुख प्रतिपक्षी दलको चेतावनी र सत्ताधारी दलकै सभापतिको च्याँखेको मारमा परेका हुनाले दाहालको पद संकटको भूमरीमा परेको छ ।

## हुकुमबासीहरु...

रहेछ । हुकमवासीहरू सबै सुकुम्वासी देखिएपछि तिनको सम्पत्ति विवरण आमनागरिकका लागि हाँसोको विषय बनेको छ । अब उनका १० राज्यमन्त्रीको सम्पत्ति विवरण पनि आउलान् र तिनले पनि श्रीमतीको दाइजो भनेर सम्पत्ति देखाउने निश्चित छ । कति राम्रो चलन आयो, दाइजोले महिला हिंसा बढाइरहेको छ, सरकार प्रमुख र उनका सहयोगी दाइजोको सम्पत्तिमा सामन्तजस्तो जीवन बिताइरहेका छन् ।

## तीन दल...

रात रहे अग्राख पलाउने मुलुकमा यी दुबै प्रस्ताव निलम्बनमा राखेर स्थानीय निकायको चुनावमा जान राजनीतिक दलहरू तयार भए भने आश्चर्य नमाने पनि हुन्छ ।

स्थानीय निकायको चुनावपछि गाउँपालिका, नगरपालिकाका प्रमुख उपप्रमुख नै राष्ट्रिय सभाका मतदाता हुने भएकाले स्थानीय निकायको चुनावका लागि सरकारले बुधवार नै संसदमा स्थानीय चुनाव विधेयक पेश गरेको छ । स्थानीय चुनावका लागि निर्वाचन आयोगले आवश्यक कानुन र ४ महिना चाहिने माग गर्दै आएको छ । अव केही दिनमै चुनाव घोषणा हुनसक्ने बताउँछन् राजनीतिक स्रोतहरू ।

ठूला तीन दलले जे भन्यो संसद, सरकार र निर्वाचन त्यसैगरी चल्ने भएकाले चुनावमा जान तीन दल तयार भएकाले अव चुनावी वातावरण देखिन थाल्ने आँकलन गरिएको छ ।

## दलहरुकै...

बोलाएर छलफल र बहस गर्न चाहँदैनन् ।

२०७४ माघ ७ गतेभित्रमा स्थानीय, प्रदेश र संघीय संसदको निर्वाचन भइसक्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ । एकथरी राजनीतिक विश्लेषकहरूका अनुसार यी तीन दलले आपसमा सहमति गरेर २०७४ माघ ७ गतेभित्रको संवैधानिक व्यवस्थालाई परिवर्तन गर्न भित्रिरूपमा तीनै दल एकवर्षको समयावधी थप्न सहमति भइसकेका छन् । उनीहरूले अबको चारमहिनापछि संविधान संशोधन गर्ने प्रस्ताव संसदमा लैजाने र तीन दलको सहमतिमा संसदको दुई तिहाई मतबाट संविधान संशोधन गर्ने निश्चित रहेको बताएका छन् । एकातिर जनतालाई झुक्याउनका लागि स्थानीय तहको निर्वाचन गराउने नाटक मञ्चन गर्ने, तर निर्वाचन सम्बन्धी ऐनहरू नबनाउने खेल नै संविधान संशोधन गर्ने प्रपञ्च मात्र हो । एकराजनीतिक विश्लेषकले भने प्रधानमन्त्री दाहाल जनताको हित होइन, पार्टीगत र व्यक्तिगत हित हेरेरअघि बढ्ने गरेका हुनाले मुलुक थप संकटमा पर्ने निश्चित रहेको छ । पुरानो संरचना अन्तर्गत स्थानीय निकायको निर्वाचन भए संविधानको औचित्य समेत समाप्त हुने पक्कापक्की भएको छ । अहिले २ सय १७ वटा नागरपालिका र ३ हजार १ सय ५७ गाविस रहेका छन् । निर्वाचनपछि सीमा निर्धारूण आयोगले प्रतिवेदनको औचित्य के ? यसरी दलहरूले संविधानलाई कागजको खोस्टोमो परिणत गर्ने उद्देश्यले अघि बढेका हुनाले मुलुक दलहरूकै कारण संकटमा पर्ने निश्चित रहेको छ ।

## सधैं यिनलाई नै...

बताउँछ । हाल दुई सय १७ नगरपालिका र ३ हजार १ सय ५७ गाविस छन् । विगत १४ वर्षदेखि जनप्रतिनिधिबिहीन स्थानीय निकायहरूमा हाल सरकारी कर्मचारीहरूको हालिमुहाली चलिरहेको छ ।

जानकारहरू भन्छन्, स्थानीय निकायको चुनाव टड्कारो उहिलेदेखि भएको हो, तर प्रमुख तीन दलको मौका छोप्ने नियतका कारण यो हुन सकिरहको थिएन । पुरानो संरचनामा भएपनि स्थानी चुनाव गराउनुपर्छ भन्ने मुख्य माग कांग्रेस सभापति शरबहादुर देउवाको छ भने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चाहिँ पुरानोमा नभई नयाँ संरचनामा हुनुपर्छ भन्दैछन् भनेर समाचार आएको छ । खैर, संवैधानिक राजनीतिक विवादहरूका बीचमा फेरिअर्को विवाद जन्माउन खोजिँदैछ । तर, पुरानै संरचनामा गर्न खोज्ने कथित प्रमुख दलका शीर्षस्थ नेताहरूले अब बुझ्न पर्ने के हो भने, यो गणतन्त्र, सघंयीता र धर्मनिरपेक्षता सबै नै आफ्नो पकडमा छन् । मात्र प्रतिपक्ष मित्रराष्ट्रहरूको ईशारा के हो ? प्रधानमन्त्री प्रचण्डले यो गणतन्त्र जाला जस्तो छ, भनेर भनेका केही अनलाइन मिडियाहरूमा त्यसै आएको पनि होइन होला । १० वर्षको गणतान्त्रिक अभ्यास पूर्णरूपमि असफल भइसकेको छ । संघीयताका कारण देश टुक्रिने अवस्थामा छ । उता धर्म निरपेक्षताको त कुरै नगरौं । यसले गर्दा घरघरमा असन्तोष छ । त्यसकारण अब नेताहरूको मुख ताक्ने होइन कि, तीनको निर्णयलाई शिरोधार्य गर्ने होइन कि, नेपाली जनता जागरूक भएर उत्रनु पर्‍यो । अब धेरै नै खेलाची भयो, नेताहरूको नालायकीपनले देशले अभिभावक पाउन सकेन । दरिलो नेतृत्व पाउन सकेन । आफैंले कजाएर राखेकाहरूलाई सर्वोच्च पद दिएर तिनलाई आफूखुसी चलाउन खोजिँदैछ ।

## प्रचण्डको...

प्रधानमन्त्री दाहालको सातो गएको हुनसक्छ र उनले संघीयता, धर्मनिरपेक्षता र लोकतन्त्रको दुहाई दिएर बचाउन आह्वान गरेका हुनसक्छन् ।

यद्यपि सबैभन्दा असफल र अराष्ट्रिय देखिएका प्रम पुष्पकमल दाहाल आफ्नो पद केही दिन लम्ब्याउनका लागि समेत यस्तो रणनीतिक भाषण गरेको हुनसक्छ भन्नेहरू पनि छन् ।

# भारतबाट थप विजुली आउँदै

पर्सा/ भारतबाट थप ८० मेगाबाट विधुत ल्याउन दुई दिन ढल्केबर मुजफ्फरपुर प्रसारण लाइन बन्द हुने भएको छ । यो प्रसारण लाइन बन्द हुदा परवानीपुर, वीरगंज सिमराका ६६ केभी र ११ केभीमका औधोगिक ग्राहक प्रभावित हुने नेपाल विधुत प्राधिकरणले जनाएको छ । मुजफ्फरपुर सबस्टेसनबाट थप ८० मेगावाट विधुत आपूर्तिका लागि २२० र १३२ केभी एक सय एमभिए ट्रान्सफर्मर जडान गरिनेछ । अहिले यो प्रशारण लाइनबाट ८० मेगाबाट विधुत आइरहेको छ । प्राविधकरणका प्रवक्ता प्रवल अधिकारीका अनुसार नेपालले लिइरहेको ८० मेगाबाट विजुली नआउदा पर्सा क्षेत्रको ५० मेगाबाट विजुली काटिने छ ।

जाडोयामका लागि समयमै न्यानो कपडाको जोहो गरौँ । शीत लहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं । घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## ब्लड क्यान्सर पीडित बखेललाई सहयोग

पर्सा / आर्थिक अवस्था कमजोर भएका कारण उपचारमा समस्या भएपछि ब्लड क्यान्सर पीडित राजन बखेललाई आर्थिक सहयोगका लागि आब्हान गरिएको थियो । राजनका अविभावकले राजनको उपचारमा सहयोग गरिदिन आग्रह गरेपछि मनकारी दाताहरूले सकेको सहयोग गर्दै आएका छन् । घण्टिमाई बचत तथा ऋण सहकारी संस्था ओराहाकी अध्यक्ष कोपिला सिम्खडा र औराहाका माधव सापकोटाको पहलमा संकलित ८० हजार ८ सय रूपैयां राजनको परिवारलाई हस्तान्तरण गरिएको छ । विभिन्न दाताहरूबाट संकलित ८० हजार ८ सय रूपैया बखरेलका श्रीमति र बहिनीलाई घरमै पुगेर हस्तान्तरण गरिएको थियो । गढीमाई नगरपालिका ४ औराहा निवासि राजनलाई भरतपुर स्थित विपी कोईराला मेमोरियल क्यान्सर अस्पतालमा किमो दिइरहेको छ । एकलाख ऋण गरेर गत वर्ष कतारमा लेबर काममा गएका २३ वार्षिय तीन महिना काम गरेपछि दुई महिना कतार अस्पतालमा उपचार गरेर नेपाल फर्किएका थिए ।

कुसुमलाल श्रेष्ठ




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७८०२९५, मो. : ९८४१२५४८८५ • इमेल : abhiyan.weekly@yahoo.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार